# SEE 2081 (2025)
## अनिवार्य नेपाली

**समय : ३ घण्टा** **पूर्णाङ्क : ७५**

**दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :**

१. **समूह 'क' मा दिइएका शब्दको अर्थ समूह 'ख' बाट पहिचान गरी जोडा मिलाउनुहोस् :** २

| समूह 'क' | समूह 'ख' |
|---|---|
| द्वेष | चित्रपट |
| टालो | डाहा, शत्रुता |
| क्यानभास | आचरण |
| विलक्षण | कपडाको सानो टुक्रा |
| | चिन्तन |
| | असाधारण |

२. **दिइएको अनुच्छेदबाट उपयुक्त शब्द पहिचान गरी खाली ठाउँ भर्नुहोस् :** २

आधुनिक समयमा पनि विकट क्षेत्रका मानिस सल्लाको दियालो बालेर घर उज्यालो पार्छन् । सालको पातको टपरी बनाएर त्यसलाई थालीका रूपमा प्रयोग गरिरहेका छन् । तातोपनका खोजीका लागि सालका दाउरा बालेर आगो ताप्छन् ।

(क) 'काल' को पर्यायवाची शब्द ......... हो ।
(ख) 'अँध्यारो' विपरीतार्थी शब्द ......... हो ।
(ग) 'थाल' को लघुतावाची शब्द ......... हो ।
(घ) अनेकार्थी शब्द ........... हो ।

३. **दिइएको अनुच्छेदबाट एउटा उखान र एउटा अनुकरणात्मक शब्द पहिचान गरी अनुच्छेदको भन्दा फरक वाक्यमा प्रयोग गर्नुहोस् :** २

मलाई मेरो पुरानो साथीको झलक्क याद आयो । त्यो साथीले जहिले पनि अर्थ न बर्थ गोविन्द गाई भने झैं कुरा गरेर सबैलाई हैरान पार्थ्यो । त्यसैले बाँदरको पुच्छर लौरो न हतियार भनी मैले उसको साथ चटक्क छोडें ।

४. **(क) दिइएका शब्द समूहबाट शुद्ध शब्द छानी लेख्नुहोस् :** १

(अ) (i) सोसण (ii) शोसण (iii) शोषण (iv) शोशण
(आ) (i) घन्टाघर (ii) घण्टाघर (iii) घंटाघर (iv) घङ्टाघर

**(ख) दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् :** २

पख्नोस्, हामी तपाईं सँग केहि कुरा गर्छौं हामी कूने ठाउँमा गएर बसौं ।

५. **रेखाङ्कित शब्दको पदवर्ग पहिचान गरी लेख्नुहोस् :** ३

<u>आफ्ना</u> बुबालाई घरमा एक्लै <u>छाडेर</u> <u>उनी</u> कता <u>हिँडेछन्</u> । <u>बिराम</u>ले थला परेका मानिसलाई यसरी छोड्न हुँदैन । अझ घर<u>भित्र</u> पो थुनेका रहेछन् ।

६. **दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :** २+२=४

(क) **दिइएको अनुच्छेदबाट दुईओटा उपसर्ग र दुईओटा प्रत्यय लागेर बनेका शब्द पहिचान गरी निर्माण प्रक्रियासमेत देखाउनुहोस् :**

आयुर्वेद चिकित्सासम्बन्धी अध्ययन, अध्यापन र अनुसन्धान प्रविधिलाई व्यापक र व्यावहारिक बनाउने उद्देश्यका साथ विभिन्न शैक्षिक संस्था स्थापना भएका छन् । त्यहाँ उपचार गर्न गाउँले र सहरिया मानिस आउँछन् ।

(ख) **दिइएको अनुच्छेदबाट एउटा समस्त शब्द पहिचान गरी विग्रह गर्नुहोस्, एउटा विग्रह पदावली पहिचान गरी समस्त शब्द बनाउनुहोस् र द्वित्व भएर बनेका दुई ओटा शब्द पहिचान गरी निर्माण प्रक्रियासमेत देखाउनुहोस् :**

वनमा बास बस्न गाह्रो भएपछि परदेश लागेका दाजुभाइ घर फर्किए । भानिज दाइले उनीहरूलाई खुसी हुँदै स्वागत गरे । जान्नेसुन्ने मान्छेले उनीहरूलाई ससाना कुरादेखि ठुल्ठुला कुराको चुरो बुझाए ।

७. **दिइएको अनुच्छेदलाई पूर्ण भविष्यत् कालमा परिवर्तन गर्नुहोस् :** २

हामी पोखरा जान्छौँ । त्यहाँको सफा होटलमा खाना खान्छौँ । त्यहाँको सौन्दर्यमा रमाउछौँ । तीन दिनपछि घर फर्किन्छौँ ।

८. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** २

(क) सामान्यार्थ भावका फरक फरक क्रियापदको प्रयोग गरी चार वाक्यमा मानव स्वास्थ्यमा खेलकुदको महत्त्वबारे वर्णन गर्नुहोस् ।

(ख) **दिइएको द्वितीय पुरुषका वाक्यलाई तृतीय पुरुषमा परिवर्तन गरी अनुच्छेद पुनर्लेखन गर्नुहोस् :**

तिमी बिहान सबेरै उठ्छौ । तिमी नियमित विद्यालय जान्छौ । तिमी किताबी ज्ञानका साथै प्राकृतिक विषयमा पनि चासो देखाउँछौ । तिमी सबैको भलो चाहन्छौ ।

९. **कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :** ४

(क) उज्यालो भएकाले चराहरू चिरबिराए । (वाक्य विश्लेषण)

(ख) श्वेताले फूलहरू टिपिन् । (कर्मवाच्य)

(ग) मैले नेपालीमा टाइप गर्न सिकेँ । (प्रेरणार्थक)

(घ) देवकोटाले मानिस ठुलो दिलले हुन्छ जातले हुँदै भने । (प्रत्यक्ष कथन)

१०. **दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** ४

कर्तव्यको दायरा पनि निकै फराकिलो छ र यसका अनेकौँ प्रकार छन् । कर्तव्यलाई व्यक्तिगत, पारिवारिक, सामाजिक, कानुनी गरी विविध रूपमा वर्गीकरण गर्न सकिन्छ । मूलत: कर्तव्य दुई प्रकारका हुन्छन् : नैतिक र वैधानिक कर्तव्य । नैतिक कर्तव्यको आधार व्यक्तिको नैतिक वा समाजसेवा वा मानव कल्याणका निम्ति उद्‌बुद्ध चेतना हो । परोपकार गर्नु नैतिक कर्तव्य हो । समाजसेवा गर्नु नैतिक कर्तव्य हो । कुनै

व्यक्तिले पाटीपौवा, धारा र विद्यालय भवन बनाउँछ भने त्यो पनि नैतिक कर्तव्य हो । यी कर्तव्य पालन गर्न र गराउन कसैले बाध्य पार्दैन । यो त हृदयदेखि नै नि:स्वार्थ समाजसेवा जागृत भएर गरिने कर्म हो । आफैँले इमान्दारितासाथ पालना गर्नुपर्ने कुरा हो । मदर टेरेसाको समाजसेवा निस्वार्थ कर्तव्यपरायणताका परिणाम थियो । महावीर पुनको "आविष्कार केन्द्र" मात्र होइन हाम्रो **समाजमा** परापूर्वकालदेखि हालसम्म बनेका पाटीपौवा र धर्मशाला जजसले बनाएका छन् ती सबै कर्तव्यपालनाको अन्त: प्रेरणाकै प्रतिफल हुन् ।

**प्रश्नहरू**

(क) "कर्तव्यलाई व्यक्तिगत, पारिवारिक, सामाजिक, कानुनी गरी विविध रूपमा वर्गीकरण गर्न सकिन्छ ।" यस वाक्यलाई अकरणमा परिवर्तन गर्नुहोस् ।

(ख) रेखाङ्कित **'समाजमा'** शब्दको कारक र विभक्तिको नाम लेख्नुहोस् ।

(ग) "मदर टेरेसाको समाजसेवा निस्वार्थ कर्तव्यपरायणताको परिणाम थियो ।" यस वाक्यलाई आलङ्कारिक पदक्रममा परिवर्तन गर्नुहोस् ।

(घ) "कुनै व्यक्तिले पाटीपौवा, धारा र विद्यालय भवन बनाउँछ भने त्यो पनि नैतिक कर्तव्य हो ।" यस वाक्यलाई सरल वाक्यमा परिवर्तन गर्नुहोस् ।

**११. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** ४

जलवायुको स्वाभाविक गतिमा प्रभाव पर्नाको मुख्य कारण मानवीय गतिविधि नै हो । विकास निर्माणका नाममा वातावरणीय प्रभावको अध्ययन नगरी गरिने गतिविधि नै जलवायु परिवर्तनको मुख्य कारण हो । यस क्रममा मानिसद्वारा खोलिएका ठुला ठुला कारखाना, वनविनाश गर्दै बसाइएका मानव बस्ती, प्राकृतिक संरचनालाई भत्काउँदै बनाइएका बाटा, सुरुङ, यातायातका साधन, आणविक भट्टी आदिको सङ्ख्या वृद्धिसँगै वातावरणीय प्रदूषण बढेको छ र वायुमण्डलमा रहेको कार्बन डाइअक्साइडलगायत अन्य हरितगृह प्रभावअनुरूप ग्यासहरूको मात्रामा वृद्धि भएको छ । वायुमण्डलको संरचनामा भूमिका निर्वाह गर्ने ग्यासहरूको अनुपातमा फेरबदलले र मूलत: कार्बन डाइअक्साइडको मात्रा बढ्नाले पृथ्वीको तापक्रम बढ्न थालेको छ । पृथ्वीको तापक्रममा आएको यस्तो अस्वाभाविक वृद्धि नै जलवायु परिवर्तनको मुख्य कारण बनेको छ । तापक्रममा आएका यस्ता अस्वाभाविक वृद्धिले हिउँ पग्लिने क्रम बढेको छ । हिमाल काला पत्थरमा रूपान्तरण हुँदै छन् । यसले गर्दा निश्चित हावापानीमा रम्ने जीवजन्तु र वनस्पतिको जीवन सङ्कटग्रस्त भएको छ । बाढी, पहिरो, अनावृष्टि, अतिवृष्टि, खण्डवृष्टिलगायत प्राकृतिक प्रकोप बढेकाले समुद्रको सतह बढ्दै गएको छ । समुद्री तटका बस्तीलगायत माल्दिभ्स जस्ता टापु डुबानमा पर्दै छन् । केही नयाँ जीवनको जन्म हुँदै धेरै पुराना जीव लोप हुँदै छन् । यसले गर्दा जैविक विविधताले कायम गराउने वातावरणीय सन्तुलन धरापमा परेको छ । जलवायुमा देखापर्ने यस्तो अस्वाभाविक परिवर्तनले सारा प्राणीका साथसाथै मानवजातिकै अस्तित्व सङ्कटमा पर्न सक्ने स्थिति देखा परेको छ ।

**प्रश्नहरू**

(क) जलवायु परिवर्तनको मुख्य कारण के हो ?

(ख) पृथ्वीको तापक्रम किन बढेको हो ?

(ग) जलवायु परिवर्तनले हिमालको स्वरूप कस्तो बनाएको छ ?

(घ) जलवायु परिवर्तनले मानव जातिमा के कस्तो परिस्थिति आउने सम्भावना छ ?

**१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** ४

**(क) दिइएका बुँदाका आधारमा जीवनी तयार पारी शीर्षकसमेत लेख्नुहोस् :**

| | | |
|---|---|---|
| नाम | : | गोपालप्रसाद रिमाल |
| जन्म | : | वि.सं. १९७५ जेष्ठ १८, काठमाडौँ |
| माता/पिता | : | आदित्य कुमारी र उमाकान्त रिमाल |
| शिक्षा | : | वि.सं. १९९३ सालको एस.एल.सी. को बोर्डमा प्रथम श्रेणीमा प्रथम, आई.ए. पढ्दै गर्दा आर्थिक कारणले पढाइ छाडेका |
| कृतिगत विशेषता | : | निडर, क्रान्तिकारी, स्वाभिमानी, राष्ट्रप्रेमी, नारीवादी चिन्तनलाई साहित्यिक सिर्जना गर्नु, गद्य कविताका प्रवर्तक, नाट्य विधाका स्रष्टा |
| सम्मान, पुरस्कार | : | मदन पुरस्कार र त्रिभुवन पुरस्कारकाबाट सम्मानित |
| मृत्यु | : | वि.सं. २०३०, कार्तिक ८ गते |

(ख) आफ्नो विद्यालयद्वारा आयोजित खेलकुद प्रतियोगितामा भाग लिई पुरस्कृत हुँदाको क्षणमा आफ्ना मनमा उब्जेका मनोभाव समेटी एउटा मनोवाद तयार गर्नुहोस् ।

**१३. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** ४

(क) दुर्व्यसनले समाजमा पार्ने असरका सम्बन्धमा युवावर्गलाई सचेत गराउन अनुरोध गर्दै गोरखापत्रका सम्पादकलाई लेख्ने चिठीको नमुना तयार पार्नुहोस् ।

(ख) विद्यालयको वार्षिकोत्सवमा अभिभावक तथा अतिथिलाई निमन्त्रणा गर्ने पत्रको नमुना तयार पार्नुहोस् ।

**१४. दिइएको अनुच्छेदबाट मुख्य मुख्य चारओटा बुँदा टिप्नुहोस् :** २

पिकासोको चित्रकलामा 'घनवाद' को सशक्त प्रयोग भएको पाइन्छ । घनवादको प्रयोग भएको यस काललाई निग्रो काल पनि भनिन्छ । घनवादी कलाकृतिमा वस्तुलाई विश्लेषण गरिन्छ । टुक्रा टुक्रा पारिन्छ । ती टुक्रालाई अमूर्त रूपमा पुन: संयोजन र संश्लेषण गरिछ । यसमा कलाकारले वस्तुलाई एउटै दृष्टिकोणबाट चित्रण नगरी वृहत्तर सन्दर्भमा प्रतिनिधित्व गर्न धेरै दृष्टिकोणबाट विषयलाई चित्रण गर्छन् । यसरी मूर्त वस्तुलाई भाँच्ने, टुक्रयाउने, अनि जोडेर फेरि वस्तु र विषयलाई व्यापक अर्थमा र अमूर्त रूपमा प्रयुक्त गर्ने यही वाद नै घनवादी कलाका रूपमा चिनिन्छ । यसरी जुनसुकै कालमा लेखिएका भए पनि उनका हजारौँ चित्रकला र मूर्तिकला आज पनि जीवन्त छन् ।

१५. **दिइएको अनुच्छेदबाट एक तृतीयांशमा सारांश लेख्नुहोस् :** ३

शिक्षालाई मानव जातिको तेस्रो आँखा मानिन्छ । यसलाई हाम्रो भित्री हृदयको नयन पनि भनिन्छ । यो हाम्रो बाहिरी आँखा अथवा चर्मचक्षुभन्दा पृथक्, महान् र तेजवान् छ । हामीसँग भएको यही ज्ञानचक्षुबाट हामीले शिक्षा आर्जन गर्छौं अर्थात् कुनै कुरा सुन्छौं र सिक्छौं, समाज र प्रकृतिमार्फत सैद्धान्तिक र व्यावहारिक ज्ञान निरन्तर आर्जन गरिरहन्छौं । प्रकृति, संस्कृति र सभ्यताका दृष्टिले सृष्टिको उषाकालदेखि सुसम्पन्न मेरो देश आज शिक्षाका दृष्टिले समेत प्रगतिपथतर्फ लम्कदो छ । शिक्षाले नै मानवलाई सम्मान, खुसी र सुखपूर्वक जिउने ज्ञान र सिप प्रदान गर्छ । यसले समाज र राष्ट्रमा प्रचलित मान्यता र विश्वासलाई मानवताका आँखाले हेर्ने र तिनका बारे समालोचनात्मक चिन्तन गर्ने सोच प्रदान गर्छ । विज्ञान र सूचना प्रविधिलगायत युग सुहाउँदा जे जति नवीन प्रयोग र मान्यता स्थापित भएका छन् तिनलाई आत्मसात् गर्दै समयानकूल परिष्कृत गर्दै लेजाने काम शिक्षाले गर्छ ।

१६. **दिइएका प्रश्नको उत्तर दिनुहोस् :** ४+४=८

**(क) दिइएको कविताांशका आधारमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

यो, मेरो देशको सुदूर पूर्वको गाउँ ।
यो, मेरो देशको सुदूर पश्चिमको गाउँ ।
छिमेकी अगेनाबाट आगो ओसारेर सुरु हुने यहाँको दिन
गोठमा, वस्तुभाउलाई घाँसपात हालेर केटाकेटी हुन्छ
खेतमा, गोरु नारेर तन्नेरी हुन्छ
र बेग्लाबग्लै मान्छेका ओठहरू भएर
दिनभरि फलाकिरहन्छ
दिनभरि हतारिरहन्छ ।

**प्रश्नहरू**

(अ) गाउँका मानिसले कस्तो पेसा व्यवसाय अपनाएका छन् ?

(आ) 'छिमेकी अगेनाबाट आगो ओसारेर' भन्नुको तात्पर्य के हो ?

**(ख) दिइएको जीवनीको अंशका आधारमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

देवकोटाले जे लेखे र जुन जुन जिम्मेवारी पाए, प्रायः ती सबैमा उनले राष्ट्रको हितमा काम गरेर आफ्नो अब्बलता प्रदर्शन गरे । देवकोटा आफूले हात हालेका हरेक क्षेत्रमा एक असल व्यक्तित्वका रूपमा चिनिए । शिक्षामन्त्री हुँदा नेपाली भाषालाई पठनपाठनको अनिवार्य विषयका रूपमा लागु गरे । उनले त्रिभुवन विश्वविद्यालयको स्थापनामा महत्त्वपूर्ण भूमिका खेले । साहित्य र संस्कृतिको विकासको ढोका खोल्ने कार्यमा उनको योगदान चिरस्मरणीय रहेको छ ।

**प्रश्नहरू**

(अ) देवकोटा कसरी एक असल व्यक्तित्वका रूपमा चिनिए ?

(आ) देवकोटा शिक्षामन्त्री हुँदा के के काम गरे ?

**१७. 'शत्रु' कथाका प्रमुख पात्र कृष्ण रायमाथि लट्ठी प्रहार भएपछि उनले किन शत्रु किटान गर्न सकेनन् ? तर्क दिएर पुष्टि गर्नुहोस् । ४**

**१८. कुनै एक उद्धरणको व्याख्या गर्नुहोस् । ४**

(क) कर्ममा छ भने शक्ति जङ्गले बन्छ नन्दन
घोटिएर सर्योपल्ट दाउरो बन्छ चन्दन ।

(ख) नेपाल आयुर्वेदिक औषधीका लागि भूस्वर्ग मानिन्छ ।

**१९. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ७**

**(क) दिइएको एकाङ्कीको अंशका आधारमा सोधिएको प्रश्नको उत्तर दिनुहोस् :**

को बस्छ यो ठाउँमा ? अघाइयो । मलाई त यहाँ जे पनि गन्हाउने पो हुन लाग्यो । खान थाल्यो भुटुन गन्हाउने, पिउन थाल्यो पानी गन्हाउने, रेल गन्हाउने, यो त ठाउँ नै गन्हाउने पो रहेछ । आफ्नो गाउँमा त भकारोकै छेउमै गुन्द्री हालेर सुत्दा पनि गन्हाउँदैनथ्यो । मलकै भारी पनि गन्हाउँदैनथ्यो । फेरि तातो पानी, तातो हावा, यस्तो दुःख खाएर को बस्न सक्छ यहाँ ?

**प्रश्न**

(अ) बतासे परदेशमा किन अघाइन् ? 'घरको माया' एकाङ्कीका आधारमा विवेचना गर्नुहोस् ।

**(ख) दिइएको जीवनीको अंश पढी सोधिएको प्रश्नको उत्तर दिनुहोस् :**

सादा जीवन उच्च विचार र मानव सेवामा समर्पित भएका कारण रुइत आफ्ना सपना पूरा गर्न सफल भएका हुन् । सफल र लोकप्रिय बन्न विदेशै जानुपर्छ भन्ने सोचलाई रुइतले गलत साबित गरिदिएका छन् । नेपालमै बसेर संसारभरिका मानिसको सेवा गर्न र जीवनलाई सार्थक बनाउन सकिन्छ भन्ने कुराका लागि रुइतको जीवनी अनुपम दृष्टान्त हो । धैर्य, साहस, दृढ इच्छाशक्ति र सङ्घर्षबाट मानिस आफ्नो लक्ष्यमा पुग्न सक्छ भन्ने कुराको प्रेरणा उनको जीवनीबाट पाउन सकिन्छ ।

**प्रश्न**

(अ) सन्दुक रुइतले कसरी आफ्नो जीवनलाई सार्थक बनाए ? समीक्षा गर्नुहोस् ।

**२०. कुनै एक शीर्षकमा १५० शब्द नघटाई निबन्ध लेख्नुहोस् : ७**

(क) कृषिमा आधुनिकीकरण

(ख) परिवारिप्रति मेरो दायित्व

(ग) जलवायु परिवर्तनको असर

# SEE 2081 (2025)
## अनिवार्य नेपाली

**समय : ३ घण्टा** **पूर्णाङ्क : ७५**

**दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :**

१. **समूह 'क' मा दिइएका शब्दको अर्थ समूह 'ख' बाट पहिचान गरी जोडा मिलाउनुहोस् :** २

| समूह 'क' | समूह 'ख' |
|---|---|
| दृष्टान्त | महान् |
| भकारो | असजिलो अवस्था |
| उदात्त | उदाहरण |
| फसाद | दर्शन |
| | पशुको मल |

२. **दिइएको अनुच्छेदबाट उपयुक्त शब्द पहिचान गरी खाली ठाउँ भर्नुहोस् :** २

समय अनवरत चलेके छ । यो आफ्नै गतिमा अगाडि बढिरहन्छ । यसलाई धेरैले कर गरे पनि आफ्नो बन्धनमा बाँध्न सक्देनन् । समयको हरेक पलमा हामी अगाडि बढ्न सक्नुपर्छ ।

(क) 'निरन्तर' को पर्यायवाची शब्द ......... हो ।

(ख) 'विश्राम' विपरीतार्थी शब्द ......... हो ।

(ग) अनेकार्थी शब्द .................. हो ।

(घ) 'समय' को लघुतावाची शब्द ......... हो ।

३. **दिइएको अनुच्छेदबाट एउटा उखान र एउटा अनुकरणात्मक शब्द पहिचान गरी तिनलाई अनुच्छेदको भन्दा फरक वाक्यमा प्रयोग गर्नुहोस् :** २

सिन्धु सरासर विद्यालय जान्छिन् र खुरुखुरु पढ्न थाल्छिन् । उनी कक्षामा ध्यान दिएर पढ्छिन् । हुने बिरुवाको चिल्लो पात भने झैं उनी हरेक परीक्षामा प्रथम भएर पुरस्कृत हुन्छिन् । आए आँप गए झटारो भनी हतारमा काम गर्ने बानी उनको छैन ।

४. **(क) दिइएको शब्द समूहबाट शुद्ध शब्द छानी लेख्नुहोस् :** १

(अ) (i) बिविधता (ii) विविधता (iii) बिबिधता (iv) विबिधता

(आ) (i) भऱ्याङ (ii) भर्याङ (iii) भरयाङ (iv) भर्‍याङ

**(ख) दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् ।** २

गाउँ तिर जन्मेका हामी कर्मशिल छौं हामी खेती र पशूपालन पनि गर्छौं ।

५. **रेखाङ्कित शब्दको पदवर्ग पहिचान गरी लेख्नुहोस् :** ३

<u>यो</u> देश मेरा लागि प्राणभन्दा प्यारो <u>भएकाले</u> देशका निम्ति असल <u>काम</u> गर्न <u>म</u> सबैलाई सल्लाह <u>दिन्छु</u> ।

६. **दिइएका प्रश्नको उत्तर लेख्नुहोस् :** २+२=४

**(क) दिइएको अनुच्छेदबाट उपसर्ग लागेका दुईओटा र प्रत्यय लागेका दुईओटा शब्द पहिचान गरी निर्माण प्रक्रियासमेत देखाउनुहोस् :**

कानुन समाजको अपरिहार्य तत्त्व हो । यसले मानवीय आचरण तथा व्यवहारलाई नैतिक र सामाजिक आयामबाट परिभाषित गर्छ । राज्यका असीमित अधिकारलाई नियन्त्रण गरी प्रशासनलाई चुस्त बनाउन कानुन अनिवार्य हुन्छ ।

**(ख) दिइएको अनुच्छेदबाट एउटा समस्त शब्द पहिचान गरी विग्रह गर्नुहोस्, एउटा विग्रह पदावली पहिचान गरी समस्त शब्द बनाउनुहोस् र द्वित्व प्रक्रियाबाट बनेका दुईओटा शब्द पहिचान गरी निर्माण प्रक्रियासमेत देखाउनुहोस् :**

भुइँचालो आएपछि मानिस घरबाट बाहिर निस्के । लामो समयसम्म ससाना धक्का पटक पटक आउँदा भानिजदाइ समाजको सेवा गर्न खाद्यपदार्थ बोकेर टोलटोलमा पुगे । केही मानिस आकाश र पाताल जोड्ने गफगाफ गरेर बसेका थिए ।

७. **दिइएको अनुच्छेदलाई अज्ञात भूत कालमा परिवर्तन गर्नुहोस् :** २

आनीले चौँरी पालन गरिन् । यसबाट उनको आर्थिक अवस्था राम्रो भयो । सबैले उनको प्रशंसा गरे । उनले सम्मान पनि पाइन् ।

८. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** २

(क) सम्भावनार्थक भावका फरक फरक क्रिया प्रयोग गरी चार वाक्यमा आफ्नो साथीको कामको वर्णन गर्नुहोस् ।

**(ख) दिइएका वाक्यलाई प्रथम पुरुषमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :**

उनी असल छन् । उनी धेरै मिहिनेत गर्छन् । उनी मिलेर खेल्छन् । उनी सबैसँग रमाउँछन् ।

९. **कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :** ४

(क) आज घाम लाग्छ । आज न्यानो हुन्छ । (वाक्य संश्लेषण)

(ख) उनी आजै घर जान्छन् । (भाव वाच्य)

(ग) सानो भाइ खेल्छ । (प्रेरणार्थक)

(घ) डाक्टरले सल्लाह दिए, "कृपया औषधी खानुहोस् ।" (अप्रत्यक्ष कथन)

१०. **दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** ४

आज पिकासोका कलाकृति संसारभरिका विख्यात कला सङ्ग्रहालयमा फेला पार्न सकिन्छ । सानो छँदा आमाले भनेका कुरा सम्झँदै एक पटक पिकासोले भनेका छन्, "मेरी आमाले भन्नुभएको थियो, यदि तिमी सिपाही बन्यौ भने जनरल हुने छौ, धर्मगुरु बन्यौ भने पोप हुने छौ" तर म आमाले भन्नुभएका मान्छेजत्तिकै लगनशील भएँ र पिकासो बनेँ । उनले भने झैँ हरेक **बालबालिकामा** विशिष्ट सिर्जना शक्ति र प्रतिभा हुन्छ, उचित अवसर पाएमा र लगनशील भएमा जीवनलाई सार्थक बनाएर संसारलाई चहकिलो ज्योति छर्न सक्छन् ।

**प्रश्नहरू**

(क) 'तिमी सिपाही बन्यौ भने जनरल हुने छौ ।' यस वाक्यलाई अकरणमा बदल्नुहोस् ।
(ख) रेखाङ्कित **'बालबालिकामा'** शब्दको कारक र विभक्ति पहिचान गरी लेख्नुहोस् ।
(ग) 'एक पटक पिकासोले भनेका छन् ।' यस वाक्यको उद्देश्य र विधेय लेख्नुहोस् ।
(घ) 'जीवनलाई सार्थक बनाएर संसारलाई चहकिलो ज्योति छर्न सक्छ ।' यस वाक्यलाई संयुक्त वाक्यमा परिवर्तन गर्नुहोस् ।

**११. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** ४

बालबालिका शारीरिक तथा मानसिक रूपमा अपरिपक्व हुन्छन् । उनीहरूलाई विशेष स्याहार र सुविधाको आवश्यकता पर्छ । उनीहरूलाई संरक्षण र बाँच्नका लागि चाहिने आधारभूत कुराको व्यवस्था गर्नुपर्छ । उनीहरूलाई शिक्षा प्रदान गर्नुका साथै स्वास्थ्यको सेवा पुऱ्याउनुपर्छ । यसका साथै खेल, मनोरञ्जन र आराम गर्न पनि दिनुपर्छ । उनीहरूलाई माया र स्नेह दिनुपर्छ अनि दुर्व्यवहार तथा शोषणबाट जोगाउनुपर्छ । बालअधिकार भनेको शान्ति, समभ्रुदारी र सुरक्षापूर्ण वातावरणमा असल शिक्षा हासिल गर्दै स्वस्थ भएर उत्पीडनबाट संरक्षण प्रदान गर्दै तिनको बालापन सुनिश्चित गर्नु पनि हो । बालबालिका सबैका दायित्व हुन् । सङ्क्षेपमा भन्नुपर्दा बालअधिकार भनेको बालबालिकाको बोल्न पाउने अधिकार, संरक्षण पाउने अधिकार, विकासको अधिकार र आफ्ना बारेमा गरिने नीति निर्माण तथा सामाजिक गतिविधिमा सहभागी हुन पाउने अधिकारको समष्टिगत रूप हो । सोहीअनुसार बालअधिकारसम्बन्धी महासन्धि राष्ट्रबिचको एक सम्भ्रौता पत्र पनि हो ।

**प्रश्नहरू**

(क) बालअधिकारभित्र पर्ने कुनै दुईओटा अधिकार उल्लेख गर्नुहोस् ।
(ख) बालबालिकालाई किन विशेष सुविधा आवश्यक पर्छ ?
(ग) बालबालिकाको बालापन कसरी सुनिश्चित गर्नुपर्छ ?
(घ) बालअधिकारको संरक्षण कसरी गर्न सकिन्छ ?

**१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** ४

**(क) दिइएका बुँदाका आधारमा जीवनी तयार पारी शीर्षकसमेत लेख्नुहोस् :**

| | | |
|---|---|---|
| नाम | : | भवानी भिक्षु |
| जन्म | : | वि.सं. १९६६ साल जेठ २१ गते |
| जन्मस्थान | : | तौलिहवा, कपिलवस्तु |
| माता/पिता | : | यशोदादेवी/इन्द्रप्रसाद गुप्ता |
| शिक्षा | : | साहित्य कुलभूषण |
| नेपाली साहित्यमा प्रवेश | : | वि.सं. १९९५ को शारदा पत्रिकामा प्रकाशित मानव कथाबाट |

**प्रकाशित कृतिहरू**

| | | |
|---|---|---|
| कथा सङ्ग्रह | : | गुनकेशरी (२०१०), मैयाँसाहेब (२०१७), सुभद्राबज्यै (२०१९), आवर्त (२०२४), अवान्तर (२०३४), सुन्तली (२०४०) |
| उपन्यास | : | आगत (२०३२), पाइ न. २ (२०३४) |
| कविता सङ्ग्रह | : | छाया (२०१७), प्रकाश (२०१७), परिष्कार (२०१७) |
| सम्मान/पुरस्कार | : | साझा पुरस्कार (२०३२), मदन पुरस्कार (२०३२), त्रिभुवन प्रज्ञा पुरस्कार (२०३६) |
| भाषा ज्ञान | : | नेपाली, अवधि, हिन्दी, उर्दु, अङ्ग्रेजी, संस्कृत, बङ्गाली |

- सुरुमा हिन्दी साहित्यतर्फ आकर्षित
- १२ वर्षको उमेर प्रताप भन्ने पत्रिकामा हिन्दी कविता छापिएका
- वि.स. १९८७ मा काठमाडौं भित्रिँदा साहित्यसेवी ऋद्धिबहादुर मल्ल र कवि सिद्धिचरण श्रेष्ठसँग सम्पर्क बढेको

| | | |
|---|---|---|
| मृत्यु | : | वि.सं. २०३८, वैशाख ४ गते |

(ख) भलिबल प्रतियोगितामा प्रथम भई पुरस्कृत हुँदा आफ्नो मनमा खेलेका भावलाई समेटी एउटा मनोवाद लेख्नुहोस् ।

**१३. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** **४**

(क) शारदा पुस्तक भण्डार जनकपुरधाम, धनुषाले रत्नपुस्तक भण्डार भोटाहिटी, काठमाडौँबाट प्रकाशित पुस्तकहरू यथाशीघ्र पठाइदिन अनुरोध गर्दै एउटा चिठी तयार पार्नुहोस् ।

(ख) आफ्नो विद्यालयको वार्षिकोत्सव कार्यक्रमको विषयलाई समेटी समाचार तयार पार्नुहोस् ।

**१४. दिइएको अनुच्छेदबाट मुख्य मुख्य चारओटा बुँदा टिप्नुहोस् :** **२**

देवकोटाले जे लेखे र जुन जुन जिम्मेवारी पाए, प्राय: ती सबैमा उनले राष्ट्रको हितमा काम गरेर आफ्नो अब्बलता प्रदर्शन गरे । देवकोटा आफूले हात हालेका हरेक क्षेत्रमा एक असल व्यक्तित्वका रूपमा चिनिए । उनका चेला आज पनि उनी जस्तो शिक्षक र प्राध्यापकसँग तुलनीय व्यक्ति भेट्न नसकेको कुरा गर्छन् । शिक्षामन्त्री हुँदा नेपाली भाषालाई पठनपाठनमा अनिवार्य विषयका रूपमा लागु गर्ने गराउने कार्यमा उनैको विशेष पहलकदमी रह्यो । तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको स्थापनामा सक्रिय संलग्न भएर संस्थागत रूपमा साहित्य र संस्कृतिको विकासको ढोका खोल्ने कार्यमा उनको योगदान चिरस्मरणीय रहेके छ ।

१५. **दिइएको अनुच्छेदबाट एक तृतीयांशमा सारांश लेख्नुहोस् :** ३

आयुर्वेद चिकित्सासम्बन्धी अध्ययन, अध्यापन र अनुसन्धान प्रविधिलाई व्यापक र व्यावहारिक बनाउने उद्देश्यका साथ विभिन्न शैक्षिक संस्था स्थापना भएका छन् । हाल कीर्तिपुरस्थित राष्ट्रिय आयुर्वेद अनुसन्धान केन्द्रसँगको समन्वयमा विभिन्न जडीबुटीका लागि औषधीय अनुसन्धान कार्यक्रम अगाडि बढिरहेको छ । त्रिभुवन विश्वविद्यालयअन्तर्गत आयुर्वेद क्याम्पस र नेपाल संस्कृत विश्वविद्यालयमा पनि आयुर्वेदको अध्ययन भइरहेको छ । आयुर्वेद चिकित्सक एवम् स्वास्थ्यकर्मीको दर्ता नेपाल आयुर्वेद चिकित्सक परिषद्मा हुन्छ । आयुर्वेद चिकित्सासम्बन्धी अनुगमन, गुणस्तर नियन्त्रण आयुर्वेद चिकित्सा परिषद्ले गर्छ ।

१६. **दिइएका प्रश्नको उत्तर दिनुहोस् :** ४+४=८

**(क) दिइएको कवितांशका आधारमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

नेपाल बाँचे नेपाली हाम्रो गौरव बाँच्ने छ
नेपाली भाषा संस्कृति कला साहित्य साँच्ने छ
यसैले आऊ नेपाललाई बलियो बनाऊँ
नेपाली हाम्रो श्रम र सिप स्वदेशमै लगाऊँ ।

**प्रश्नहरू**

(अ) नेपाललाई बलियो बनाउन के गर्नुपर्छ ?
(आ) नेपालको गौरव कसरी बढाउन सकिन्छ ?

**(ख) दिइएको गद्यांशका आधारमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

आफू जुम्रा जस्तो जुम्सो छ अनि कामको सट्टा कुराले टार्न खोज्छ भनी तपाईं गिज्याउनुहोला । मुखिन्जेल नसके पनि पछाडि पक्कै उडाउनुहुन्छ । हुन पनि हो, म अचेल साह्रै जुम्सो भएको छु । बरू के तपाईं पत्याउनुहुन्छ ? यो जुम्स्याँइको जन्मदाता पनि यस्तै जडचल्दा पर्खाइ हुन् । साँच्चै भनूँ भने मेरो दुनियाँ झन् लम्स्याङलुम्सुङको छ । मेरो जमाना झन् जम्स्याङजुम्सुङको छ । मैले थाहा पाएदेखि म पर्खदो छु । काममा गएकी आमालाई, जागिरमा गएको बुबालाई, पाठ दिने गुरुलाई, तलब पाउने दिनलाई, लुगा सिउने सूचीकारलाई ।

**प्रश्नहरू**

(अ) 'म' पात्रको विशेषता गद्यांशका आधारमा लेख्नुहोस् ।
(आ) प्रस्तुत गद्यांशमा नेपाली समाजको कस्तो परिवेशको चित्रण गरिएको छ ?

१७. **'घरको माया' एकाङ्कीको पात्र लालबहादुरका ठाउँमा तपाईं हुनुभएको भए जमानसिंहले नेपाल फर्कने कुरा गर्दा के गर्नुहुन्थ्यो ? आफ्नो तर्क प्रस्तुत गर्नुहोस् :** ४

**१८. कुनै एक उद्धरणको व्याख्या गर्नुहोस् :** ४

(क) तपाईंले गर्व गर्ने सगरमाथालाई काँधमा बोकेर उभिएको यो गाउँ ।

(ख) जीवनमा सानो घटनाले पनि अथाह खुसी दिन सक्दो रहेछ ।

**१९. दिइएको कविताांशका आधारमा सोधिएको प्रश्नको उत्तर दिनुहोस् :** ७

भएमा उच्च सङ्कल्प छैन केही असम्भव
सङ्कल्पैले बनेका हुन् महान् मान्छेहरू सब
जसका कर्मले बन्छन् जिन्दगी हौंसला खुसी
अरूको लिनुमा भन्दा दिनुमा बन्छ जो खुसी ।

**प्रश्न**

(अ) मानिसहरू महान्, हौंसला र सुखी कसरी बन्न सक्छन् ? उज्यालो यात्रा कविता र माथिको कविताांशका आधारमा समीक्षा गर्नुहोस् ।

**(ख) दिइएको निबन्धांशका आधारमा सोधिएको प्रश्नको उत्तर लेख्नुहोस् :**

ज्ञान र विज्ञानले युक्त शिक्षा आर्जन गर्ने आजका विद्यार्थीमा व्यक्तिगत जीवन र सामाजिक जीवनका बारेमा गहिरो ज्ञान हुने छ । यस्तो विद्यार्थीको व्यक्तित्व विकासमा समेत यसले टेवा पुऱ्याउँछ । मेरो देशको शिक्षाले उत्पादन गरेका व्यक्तिमा सकारात्मक गुण भरिपूर्ण हुनुपर्छ । त्यसैले शिक्षित व्यक्तिमा शिष्टाचार, प्रतिबद्धता, सांस्कृतिक सद्भाव, सामाजिक सद्व्यवहारका क्षमता हुनु जरुरी छ भन्ने मलाई लाग्छ ।

**प्रश्न**

(अ) हाम्रो देशको शिक्षा कस्तो हुनुपर्छ ? समीक्षा गर्नुहोस् ।

**२०. कुनै एक शीर्षकमा १५० शब्द नघटाई निबन्ध लेख्नुहोस् :** ७

(क) देशप्रति मेरो कर्तव्य

(ख) प्राविधिक शिक्षाको महत्त्व

(ग) आर्थिक विकासमा पर्यटनको योगदान

# SEE 2081 (2025)
# अनिवार्य नेपाली

**समय : ३ घण्टा** **पूर्णाङ्क : ७५**

**दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :**

१. **समूह 'क' मा दिइएका शब्दको अर्थ समूह 'ख' बाट पहिचान गरी जोडा मिलाउनुहोस् :** २

| समूह 'क' | समूह 'ख' |
|---|---|
| तिलाञ्जली | हराउने काम |
| गायब | कुनै कुराको त्याग |
| दृष्टान्त | तिल |
| इख | उदाहरण |
| | दृष्टि |
| | प्रतिशोधका भावनाले मनमा उठ्ने द्वेष |

२. **दिइएको अनुच्छेदबाट उपयुक्त शब्द पहिचान गरी खाली ठाउँ भर्नुहोस् :** २

पूजा तिज पर्व मनाउन हिराको हार लगाएर आफ्नै सुरमा माइत हिँडिन् । आमाले गत साल जसरी भए पनि आउन कर गर्नुभएको थियो । त्यस दिन रातो टीका लगाएर छमछम नाच्ने साथीको भिड देखेर उनी छक्क परिन् ।

(क) 'ढिपी' को पर्यायवाची शब्द ........ हो ।
(ख) 'जित' को विपरीतार्थी शब्द ...... हो ।
(ग) अनेकार्थी शब्द .......... हो ।
(घ) 'व्यक्ति वा मानिसको समूह' बुझाउने शब्द...........हो ।

३. **दिइएको अनुच्छेदबाट एउटा उखान र एउटा प्राविधिक शब्द पहिचान गरी अनुच्छेदको भन्दा फरक वाक्यमा प्रयोग गर्नुहोस् :** २

सन्दुक रुइत हुने बिरुवाको चिल्लो पात भने झैँ सानै उमेरदेखि पढाइ र व्यवहारमा अब्बल थिए । उनी विश्वविख्यात सरल र कम लागतमा मोतीबिन्दुको चिकित्सा पद्धति 'रुइतेक्टोमी' को सुरुआतकर्ता बन्न पुगे । हुने हार दैव नटार भने झैँ ताप्लेजुङ जिल्लाको ओलाङचुङगोलामा जन्मेर पनि उनले नेत्र चिकित्सा क्षेत्रमा अतुलनीय योगदान पुऱ्याए ।

४. **(क) दिइएका शब्द समूहबाट शुद्ध शब्द छानी लेख्नुहोस् :** १

(अ) (i) डोर्याउनु (ii) डोऱ्याउनु (iii) डोरयाउनु (iv) डोय्राउनु
(आ) (i) सासन (ii) साशन (iii) शाषन (iv) शासन

**(ख) दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् :**

हातमा घडि लगायर तिमी कता हिंड्यौ यहाँको रमाइलोमा घूमफिर गर्न मन लागेन ? २

५. **दिइएको अनुनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको पदवर्ग छुट्याउनुहोस् :** ३

**गरिब**लाई केन्द्रबिन्दुमा राखेर **हामीले** योजना निर्माण **गर्नुपर्छ** । **देशको** विकासमा **सधैं** गम्भीर हुनुपर्छ **है** ।

६. **दिइएका प्रश्नको उत्तर दिनुहोस् :** २+२=४

**(क) दिइएको अनुच्छेदबाट उपसर्ग लागेका दुईओटा र प्रत्यय लागेका दुईओटा शब्द पहिचान गरी निर्माण प्रक्रियासमेत देखाउनुहोस् :**

हिमाली दृश्यको अवलोकन गर्न पाइने अनि नेपालीको हार्दिक स्वागतमा चुर्लुम्म डुब्न पाइने हुनाले विदेशीहरू नेपाललाई आफ्नो पर्यटकीय गन्तव्य बनाउँछन् ।

**(ख) दिइएको अनुच्छेदबाट एउटा समस्त शब्द पहिचान गरी विग्रह गर्नुहोस्, एउटा विग्रह पदावली पहिचान गरी समस्त शब्द बनाउनुहोस् र दुईओटा द्वित्व शब्द पहिचान गरी निर्माण प्रक्रिया देखाउनुहोस् :**

अब भानिज दाइका कुरा सुनौं, धेरै वादविवाद नगरौं । हामी प्रतिदिन झन्झन् रोगग्रस्त बन्दै गएका छौं । त्यसैले आआफ्नो ख्याल गरौं । होइन भने हरेक समय हामी अझै कमजोर बन्दै जाने छौं । त्यसैले पोसिला खानासाना खाएर बलिया बनौं ।

७. **दिइएको अनुच्छेदलाई सामान्य भविष्यत् कालमा परिवर्तन गर्नुहोस् :** २

भाइ बिहानै विद्यालय जान्थ्यो । ऊ राम्ररी पढ्थ्यो । नबुझेका कुरा गुरुसँग सोध्थ्यो । साथीहरूसँग मिलेर खेल्थ्यो ।

८. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** २

(क) इच्छार्थक भाव बुझाउने फरक फरक क्रियापदको प्रयोग गरी चार वाक्यमा आफ्नो साथीको सफलताको कामना गर्नुहोस् ।

**(ख) दिइएका वाक्यलाई उच्च आदरमा परिवर्तन गर्नुहोस् :**

तिमी आफ्नो काम आफैं गर । तिमी आफ्नो काम गर्न अरूलाई नलगाऊ । तिमी स्वावलम्बी बन । तिमी देशलाई योगदान गर ।

९. **कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :** ४

(क) विदिता विद्यालय गएर साथीसँग खेल्छिन् । (वाक्य विश्लेषण)

(ख) हामी दाजुलाई ढोग्छौं । (कर्मवाच्य)

(ग) भाइ सङ्गीत सिक्छ । (प्रेरणार्थक)

(घ) मिहिनेत गरेर पढ भनी गुरुआमाले भन्नुभयो । (प्रत्यक्ष कथन)

१०. **दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** ४

शिक्षालाई मानव जातिको तेस्रो आँखा मानिन्छ । त्यसैले यसलाई हाम्रो भित्री हृदयको नयन पनि भनिन्छ । यो हाम्रो बाहिरी आँखा अथवा चर्मचक्षुभन्दा पृथक्, महान् र तेजवान् छ । हामीसँग भएको यही **'ज्ञानचक्षुबाट'** हामी शिक्षा आर्जन गर्छौं अर्थात् कुनै कुरा सुन्छौं र सिक्छौं । समाज र प्रकृतिमार्फत सैद्धान्तिक र व्यावहारिक ज्ञान निरन्तर आर्जन गरिरहन्छौं । प्रकृति, संस्कृत र सभ्यताका दृष्टिले सृष्टिको उषाकालदेखि

सुसम्पन्न मेरो देश आज शिक्षाका दृष्टिले समेत प्रगतिपथतर्फ लम्कँदो छ । शिक्षाले नै मानवलाई सम्मान, खुसी र सुखपूर्वक जिउने ज्ञान र सिप प्रदान गर्छ । यसले समाज र राष्ट्रमा प्रचलित मान्यता र विश्वासलाई मानवताका आँखाले हेर्ने र तिनका बारे समालोचनात्मक चिन्तन गर्ने सोच प्रदान गर्छ । यसले सकारात्मक र मूल्यवान् विषयलाई ग्रहण गर्ने र कतिपय असान्दर्भिक कुराबारे आलोचनात्मक दृष्टि राख्ने चेत प्रदान गर्छ ।

**प्रश्नहरू**

(क) 'यो हाम्रो बाहिरी आँखा अथवा चर्मचक्षुभन्दा पृथक्, महान् र तेजवान् छ ।' यस वाक्यलाई अकरणमा बदल्नुहोस् ।

(ख) रेखाङ्कित **'ज्ञानचक्षुबाट'** शब्दको कारक र विभक्तिको नाम लेख्नुहोस् ।

(ग) 'हामी शिक्षा आर्जन गर्छौं' यस वाक्यलाई आलङ्कारिक पदक्रममा परिवर्तन गर्नुहोस् ।

(घ) 'शिक्षालाई मानव जातिको तेस्रो आँखा मानिन्छ त्यसैले यसलाई हाम्रो भित्री हृदयको नयन पनि भनिन्छ ।' यस वाक्यलाई सरल वाक्यमा परिवर्तन गर्नुहोस् ।

**११. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** ४

एक जना ठुला ठेकेदारसित हजारौं मजदुर काम गर्थे । एक पटक मजदुरले आफ्ना विभिन्न माग राखेर कम्पनीमा हड्ताल गरे । हड्ताल महिनौंसम्म चल्यो । हड्तालको परिणामस्वरूप मजदुर भोके हुन थालेपछि रोजीरोटीको व्यवस्थापनका निम्ति उनीहरू त्यहाँबाट अन्यत्र सरे । त्यही मौकामा अन्य क्षेत्रका मजदुर उक्त ठेकेदारकहाँ काम खोज्दै आइपुगे । यता ठेकेदार पनि कामदारको खोजीमा थिए । एक दिन ठेकेदार चौबाटमा बसेर त्यहाँ हिँडिरहेका मजदुरको आवागमनलाई नियालिरहेका थिए । एउटा मजदुर ठेकेदारको नजिकमा आएर आफू कामको खोजीमा हिँडेको बतायो । ठेकेदारले ज्याला कति लिन्छौ ?" भनी प्रश्न गर्दा मजदुरले दिनको पचास रुपियाँ लिने कुरा बतायो । ठेकेदारले उनलाई काम दिए र इँटभट्टामा माटो खन्ने कामको जिम्मा लगाए । केही समयपछि अर्को मजदुर आए । ठेकेदारले उनलाई पनि ज्यालाका बारेमा सोधे । दोस्रो मजदुरले आफूले तीन सय रुपियाँ ज्याला लिने बताए । ठेकेदारले उनलाई कोइला खानीमा पठाइदिए । केही समयमै अर्का मजदुर आइपुगे । ठेकेदारले उनीसँग पनि ज्यालाका बारेमा सोध्दा तेस्रो मजदुरले आफूले दैनिक एक हजार रुपियाँभन्दा कममा काम गर्न नसक्ने बताए । ठेकेदारले उनलाई पनि काम दिने बाचा गरी हिरा खानीमा पठाए ।

**प्रश्नहरू**

(क) मजदुर हड्तालको परिणाम के भयो ?

(ख) ठेकेदार किन चौबाटोमा बसेका हुन् ?

(ग) ठेकेदारले तेस्रो मजदुरलाई हिरा खानीमा काम गर्न पठाउनुको कारण के थियो ?

(घ) माथिको गद्यांशको मूल सन्देश दुई वाक्यमा लेख्नुहोस् ।

१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ४

(क) दिइएका बुँदाका आधारमा जीवनी तयार पारी शीर्षकसमेत लेख्नुहोस् :

| | | |
|---|---|---|
| नाम | : | गङ्गालाल श्रेष्ठ |
| जन्म | : | वि.सं. १९७५ |
| जन्मस्थान | : | रामेछाप |
| माता/पिता | : | तुलादेवी/भक्तलाल श्रेष्ठ |
| शिक्षा | : | दरबार स्कुलबाट एस.एल.सी. उत्तीर्ण गरी बनारसमा अङ्ग्रेजी शिक्षाको अध्ययन |

**योगदान** :

- भारतीय स्वतन्त्रता सङ्ग्रामबाट प्रभावित भई राणा विरोधी अभियानमा लागेका
- वि.सं. १९९४ मा नागरिक अधिकार समितिमा सक्रिय भएर क्रान्तिमा अग्रसर भएका
- वि.सं. १९९५ मा काठमाडौँको इन्द्रचोकमा सम्पन्न भएको राणाविरोधी सभामा सम्बोधन
- प्रजा परिषद्को राणाविरोधी गतिविधिमा सक्रिय रहँदा गिरफ्तारीमा परेका
- राणाविरोधी गतिविधिमा लाग्दा वि.सं. १९९७ मा आफ्ना सहयोगीहरूका साथ पुन: गिरफ्तारीमा परेका
- राणाहरूले माफी मगाउन खोज्दा उनीहरूसामु झुक्नुभन्दा तातो गोली खान तयार भएका

**निधन** : वि.सं. १९९७ माघ १५ गते राति विष्णुमतीको किनारमा रहेको शोभाभगवती मन्दिरअगाडि गोली हानी राणा सरकारले मृत्युदण्ड दिएको ।

(ख) 'स्वच्छ पानी : स्वस्थ जीवन' शीर्षकमा दुई जना साथीबिच भएको संवाद तयार पार्नुहोस् ।

१३. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ४

(क) आफ्नो घर टाढा भएकाले छात्रावासको व्यवस्था गरिदिन अनुरोध गर्दै प्रधानाध्यापकलाई लेख्ने निवेदनको नमुना तयार गर्नुहोस् ।

(ख) आफ्ना दाजुको विवाहको अवसरमा आफन्तलाई आमन्त्रण गरिने निमन्त्रणा पत्रको नमुना तयार पार्नुहोस् ।

१४. दिइएको अनुच्छेदबाट मुख्य मुख्य चारओटा बुँदा टिप्नुहोस् : २

आधुनिक चिकित्सा र आयुर्वेद चिकित्साका अनेकौँ अर्थ छन् । चिकित्सा शब्दको व्युत्पत्तिमूलक अर्थ 'रोग हटाउने इच्छा' हो । यसै अर्थभित्र औषधोपचार, इलाज, ओखती गर्ने काम रोगको पहिचान रोग निरूपण र रोग निदान जस्ते उस्तै उस्तै अनेक अर्थ समाविष्ट हुन्छन् । यसरी सामान्य अर्थमा रोगले सताउँदा, रोगबाट मुक्ति

पाउनका लागि गरिने उपचारलाई चिकित्सा भनिन्छ । व्यापक अर्थमा भने रोग लाग्न अगावै स्वास्थ्यलाई जोगाउन र रोग लाग्न नदिनाका लागि गरिने विविध खालको उपायसमेत चिकित्सा शब्द भित्रै पर्छ । चिकित्सा विज्ञानका लागि आयुर्वेद शब्दको पनि प्रयोग हुन्छ । चिकित्सा शब्दले रोगको मूल जरा पत्ता लगाएर विविध प्रकारका परीक्षण गरी उपचारबाट निर्मूल गर्ने विधिलाई जनाउँछ ।

**१५. दिइएको अनुच्छेदबाट एक तृतीयांशमा सारांश लेख्नुहोस् :** ३

भाषा कुनै पनि देशको अमूल्य सम्पदा हो । एउटा भाषा लोप हुनु भनेको त्यो देशको एउटा सम्पदा नासिनु हो । त्यसैले आफ्नो देशको भाषिक सम्पदा जोगाउन राज्यले पहल गर्नुपर्छ । विभिन्न मातृभाषाको प्रयोगबाट त्यस देशको बहुसांस्कृतिक र बहुभाषिक सौन्दर्य भित्रिन्छ । भाषालाई जीवन्त बनाउन राज्यको पहल र उक्त भाषाका वक्तामा भाषाप्रति सचेतता र प्रयोग गर्ने इच्छाशक्ति आवश्यक छ । यसको आशय भाषा जीवन्त हुन सम्बन्धित वक्ता वा समुदायले बोल्नैपर्छ भन्ने हो । यसरी रहेक व्यक्तिले आफ्नो मातृभाषामा बोल्दा मात्र त्यो भाषा बाँच्छ । हरेक मातृभाषी वक्ता अरू भाषाको प्रभावमा परेर आफ्नो भाषा बोल्न छाडे भने त्यो भाषा क्रमशः हराउँदै जान्छ । लोप हुने खतरा रहन्छ । मातृभाषीले आफ्नो भाषा बोल्न छाडेर अर्को भाषा बोल्दै जाँदा संसारका धेरै भाषा लोप भएका छन् ।

**१६. दिइएका प्रश्नको उत्तर दिनुहोस् :** ४+४=८

**(क) दिइएको कवितांशका आधारमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

नेपाली बाँचे नेपाली हाम्रो गौरब बाँच्ने छ
नेपाली भाषा संस्कृति कला साहित्य साँच्ने छ
यसैले आऊ नेपाललाई बलियो बनाऊँ
नेपाली हाम्रो श्रम र सिप स्वदेशमै लगाऊँ ।

**प्रश्नहरू**

(अ) श्रम र सिप स्वदेशमै लगाऊँ भनेर कविले किन अनुरोध गरेका हुन् ?
(आ) कवितांशको मूल भाव लेख्नुहोस् ।

**(ख) दिइएको जीवनीको अंशका आधारमा सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :**

दरबार स्कुल पढ्दादेखि नै कविता पढ्न सुरु गरेका देवकोटा त्यसै वेला अङ्ग्रेजीमा कविता लेखी समस्त शिक्षक र सहपाठीलाई चकित पारिदिएका थिए । उनका कतिपय साथी देवकोटालाई आफ्ना दाजुलाई कविता लेख्न लगाएर आफैँ लेखे जसरी सुनाउने भनेर आरोप लगाउँथे, उनका साथीसामुन्ने तुरुन्तै कविता लेखेर सुनाउँदै आरोप लगाउनेलाई नाजबाफ पारिदिन्थे । हुन पनि हो । कसैलाई आलोचना गऱ्यो भने त्यसको जबाफ कुराले होइन कामले दिन्थे । साथीहरू अगाडि १५ मिनेटमा दरबार स्कुलमा शीर्षकको कविता रचना गरी सुनाएपछि त साथीहरू उनी समर्थक बन्न पुगे ।

**प्रश्नहरू**

(अ) साथीहरूले देवकोटालाई किन गलत आरोप लगाएका हुन् ?

(आ) देवकोटालाई बहुमुखी प्रतिभाका धनी भन्नुको कारण के हो ?

**१७. शत्रु कथाका प्रमुख पात्र कृष्ण रायमाथि लट्ठी प्रहार भएपछि उनले किन शत्रु किटान गर्न सकेनन् ? तर्क दिनुहोस् ।** ४

**१८. कुनै एक उद्धरणको व्याख्या गर्नुहोस् ।** ४

(क) जीवनमा सानो घटनाले पनि अथाह खुसी दिन सक्दोरहेछ ।

(ख) ईर्ष्या द्वेष हटाएर जो छर्छन् प्रेम सौरभ
तिनै मान्छेहरू बन्छन् विश्वका निम्ति गौरव ।

**१९. कुनै एक प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस् :** ७

**(क) दिइएको कथांशका आधारमा सोधिएको प्रश्नको उत्तर लेख्नुहोस् :**

काँडा झरेको गुलाफको बोट भए होलान् भन्ने आशा गरेकी थिएँ तर झन् फूल झरेर काँडा मात्र बाँकी रहेका बनेर आएछन् । बालुवाले तिललाई पनि बालुवा नै सम्झन्छ भने झैं उनका आँखामा बिझाउँन थालें । मैले बर्साएका अमृतका कण कणमा उनले विष देख्न थाले, दिएको चिनीलाई गेगर सम्झे, पथ्य वचनले पनि तिखो वाणको रूप लियो । उसैले घात प्रतिघात चल्दै गयो । अन्त्यमा उनले बुनेको जालमा म पो परें । थुनुवा कैदी जस्तो भएर बस्नुपर्दा खसमले त्योगेकालाई घरभित्र हुलेको पापको फल हो भनी चित्त बुझाएँ ।

**प्रश्न**

(अ) राजेन्द्रलक्ष्मी र बहादुर शाहका बिच द्वन्द्व बढ्नुको कारणमाथि समीक्षा गर्नुहोस् ।

**(ख) दिइएको एकाङ्कीको अंशका आधारमा सोधिएको प्रश्नको उत्तर लेख्नुहोस् :**

को बस्छ यो ठाउँमा ? अघाइयो । मलाई त यहाँ जे पनि गन्हाउने पो हुन लाग्यो । खान थाल्यो भुटुन गन्हाउने, पिउन थाल्यो पानी गन्हाउने, रेल गन्हाउने, यो त ठाउँ नै गन्हाउने पो रहेछ । आफ्नो गाउँमा त भकारोको छेउमै गुन्द्री हालेर सुत्दा पनि गन्हाउँदैनथ्यो । मलके भारी बोक्दा पनि गन्हाउँदैनथ्यो । फेरि तातो पानी, तातो हावा, यस्तो दुःख खाएर को बस्न सक्छ यहाँ ? भोके परे पनि बरु आफ्नो देशमा कुवाको चिसो पानी पिएर वरको चौतारामा शीतल हावा खाएर सुतौँला नि । जमानसिंह दाइ, हिँड तिमी पनि जाऔँ आफ्नै घर आफ्नै देश ।

**प्रश्न**

(अ) 'घरको माया' एकाङ्कीकी पात्र बतासेका माध्यमबाट देशप्रेमको भाव कसरी प्रकट भएको छ ? समीक्षा गर्नुहोस् ।

**२०. कुनै एक शीर्षकमा १५० शब्द नघटाई निबन्ध लेख्नुहोस् :** ७

(क) सिपयुक्त शिक्षा : आजको आवश्यकता

(ख) सामाजिक सञ्जालको सदुपयोग

(ग) मेरो देश :मेरो गौरव

# SEE 2081 (2025)
## अनिवार्य नेपाली

समय : ३ घण्टा | पूर्णाङ्क : ७५

दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :

१. **समूह 'क' मा दिइएका शब्दको अर्थ समूह 'ख' बाट पहिचान गरी जोडा मिलाउनुहोस् :** २

| समूह 'क' | समूह 'ख' |
|---|---|
| सौरभ | उजुर |
| दृष्टान्त | सुगन्ध |
| फिराद | कपडाको सानो टुक्रा |
| अनौ | उदाहरण |
| | हलाको हातो, मुठ |

२. **दिइएको अनुच्छेदबाट उपयुक्त शब्द पहिचान गरी खाली ठाउँ भर्नुहोस् :** २

सीताकी एउटी सानी बहिनी छे । ऊ बहिनीलाई खुब माया गर्छे । आज बिदाको दिन भएकाले सीता बहिनीसित नदी किनारमा खेल्दै छे । नदी किनारको बगैँचामा आँपका दाना बिस्कुन सुकाए झैँ भुइँमा छरिएका थिए ।

(क) 'खोला' को पर्यायवाची शब्द ........ हो ।
(ख) 'घृणा' को विपरीतार्थी शब्द ..... हो ।
(ग) 'दीन' को श्रुतिसमभिन्नार्थी शब्द ....... हो ।
(घ) 'घाममा सुकाइने अन्न' पदावलीको सिङ्गो शब्दलाई ......... भनिन्छ ।

३. **दिइएको अनुच्छेदबाट एउटा उखान र एउटा अनुकरणात्मक शब्द पहिचान गरी अनुच्छेदको भन्दा फरक वाक्यमा प्रयोग गर्नुहोस् :** २

गङ्गाधरको देहावसान भएको कुरा एक कान दुई कान मैदान हुँदै गाउँभरि फैलियो । उनी न्यायका लागि समर्पित भएका हुनाले उनका कुरा झट्ट सुन्नेबित्तिक्कै गाउँलेहरू धुरुधुरु रून थाले । हुने हार दैव नटार भने झैँ उनको मृत्युलाई कसैले रोक्न सकेनन् ।

४. **(क) दिइएका शब्द समूहबाट शुद्ध शब्द छानी लेख्नुहोस् :** १

(अ) (i) अनुशासन (ii) अनुसासन (iii) अनुसाशन (iv) अनुशाशन
(आ) (i) पन्चतत्त्व (ii) पञ्चतत्त्व (iii) पंचतत्त्व (iv) पङ्चतत्त्व

**(ख) दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् :** २

मायाले भनिन्, आज भाउजु र दाई घरमा आमा सित बस्नुभएको छ ।

५. **रेखाङ्कित शब्दको पदवर्ग छुट्याउनुहोस् :** ३

जो मानिस इमान्दार छ त्यसलाई समाजमा सबैले सम्मान गर्छन् त्यसैले हामी पनि निरन्तर असल बनौँ ।

६. **दिइएका प्रश्नको उत्तर दिनुहोस् :** २+२=४

(क) **दिइएको अनुच्छेदबाट दुईओटा उपसर्ग र दुईओटा प्रत्यय लागेर बनेका शब्द पहिचान गरी निर्माण प्रक्रियासमेत देखाउनुहोस् ।**

देवकोटाले जीवनमा पारिवारिक वियोगका असहय पीडा खप्नुपर्‍यो । दुःखमा परे तापनि उनले विभिन्न विधामा कलम चलाएका छन् । त्यस वेला उनले लेखेका रचनामा आफन्तको मृत्युबाट सिर्जित वेदनाका साथै प्राकृतिक स्वच्छन्दता र भावमय विषयको वर्णन गरिएको पाइन्छ ।

(ख) **दिइएको अनुच्छेदबाट एउटा समस्त शब्द पहिचान गरी विग्रह र विग्रह पदावली पहिचान गरी समस्त शब्द बनाउनुहोस् र द्वित्व भएर बनेका दुईओटा शब्द पहिचान गरी निर्माण प्रक्रियासमेत देखाउनुहोस् :**

मामा र माइजू आजभोलि विदेश गएर खुब रमाइलो गर्दै मुसुमुसु हाँसी फोटो खिच्न मस्त हुनुहुन्छ । उहाँहरूका छोराछोरी विदेशमा काम छोडी बसेका छन् । पराक्रम देखाएर गरी खानुका सट्टा अपमान सहेर अरूको निर्भरतामा बस्नु कायरता हो ।

७. **दिइएको अनुच्छेदलाई अभ्यस्त भूत कालमा परिवर्तन गर्नुहोस् :** २

आयुष मिहिनेत गर्छन् । उनी सधैँ काममा जान्छन् । परिवारको राम्रो ख्याल गर्छन् । उनी सधैँ आफ्नो परिवारसँग रमाउँछन् ।

८. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** २

(अ) सम्भावनार्थक भावका अलग अलग क्रियापदको प्रयोग गरी चार वाक्यमा आफ्नो पढाइका बारेमा वर्णन गर्नुहोस् ।

(आ) **दिइएका वाक्यलाई प्रथम पुरुषमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :**

ऊ विद्यार्थी हो । ऊ नियमित विद्यालय जान्छ । ऊ मिहिनेत गरेर पढ्छ । ऊ सफल हुन्छ ।

९. **कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :** ४

(क) विद्यार्थीहरू दार्जीलिङ घुमेर घर फर्के । (वाक्य विश्लेषण)

(ख) आकाशमा ताराहरू देखिए । (कर्तृवाच्य)

(ग) भाइ गृहकार्य गर्छ । (प्रेरणार्थक)

(घ) बतासेले भनिन्, “म त एकछिन पनि विदेशमा बस्न सक्दिनँ ।” (अप्रत्यक्ष कथन)

१०. **दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** ४

आमा हुनुहुन्थ्यो करिब ४९ वर्षकी बाटुलो मुखाकृतिकी । उहाँको <u>अनुहारमा</u> चिउँडाको चुच्चो कतै हराए जस्तै देखिन्थ्यो । गोलो जोर आँखाको बिचमा डल्लो आकारको नाक थपक्क बसेको थियो । सेतो चिमालो फूलको रङ झैँ लाग्ने नरम छाला जिउभरि ओढेकी । भाग्यलाई आमन्त्रित गरिएको हो कि झैँ लाग्ने सिनित्त परेको निधार । आँखाका चेप भने केही असजिलोसँग खुम्चिएका छन् र हाँस्दा ती अझै खुम्चन्छन् । उमेरभन्दा निकै ढिला हिँडिरहेको जस्ता देखिने छोटा छोटा, मोटा मोटा र पुटुक्कका

हातगोडा । घरमा आमा र म मात्रै थियौं । आमा र म दुवै जागिरे थियौं । म निजी कार्यालयमा काम गर्थें भने आमा सरकारी कार्यालयमा । म बिहान आठ बजे निस्कन्थें, आमा नौ बजे निस्कनुहुन्थ्यो । पदको प्रकृति र कदका दृष्टिले मेरो भन्दा अलिक होलो थियो उहाँको जागिर । म बिहानको चिया खाजा बनाउँथें, साँझको खाना आमा तयार पार्नुहुन्थ्यो ।

**प्रश्नहरू**

(क) 'म बिहान आठ बजे निस्कन्थें ।' यस वाक्यलाई अकरणमा बदल्नुहोस् ।
(ख) रेखाङ्कित **'अनुहारमा'** शब्दको कारक र विभक्ति पहिचान गर्नुहोस् ।
(ग) 'म बिहानको चिया खाजा बनाउँथें ।' यस वाक्यको उद्देश्य र विधेय पहिचान गर्नुहोस् ।
(घ) 'आँखाका चेप भने केही असजिलोसँग खुम्चिएका छन् र हाँस्दा ती अझै खुम्चन्छन् ।' यस वाक्यलाई सरल वाक्यमा बदल्नुहोस् ।

**११. दिइएका गद्यांश पढी सोधिएका प्रश्नको उत्तर दिनुहोस् :** ४

नेपाल जलस्रोतका दृष्टिले धनी राष्ट्र हो । यहाँको अपार जलसम्पदाको प्रयोग गर्नाले नेपालको आर्थिक विकासमा ठुलो टेवा पुग्छ । मुलुकको सर्वाङ्गीण विकासका लागि अर्थतन्त्रले महत्त्वपूर्ण भूमिका खेल्ने भएकाले यहाँका नदीनालाबाट विद्युत् शक्तिको उत्पादन गरी विदेशी मुद्रा आर्जन गर्नेतर्फ सरकारी स्तरबाट योजना तर्जुमा गरी त्यसतर्फ विशेष कार्यक्रम निर्धारण गरिनुपर्छ । नेपालका ६ हजारभन्दा बढी नदीनालाबाट विद्युत् शक्तिको उत्पादन गरी आफूलाई चाहिनेभन्दा बढी अन्य राष्ट्रहरूलाई बिक्री गरी त्यसबाट आर्जित आय निर्माणका हरेक क्षेत्रमा लगाउन सकिन्छ । नदीनालाबाट खेर गइरहेको पानीलाई सिँचाइका माध्यमबाट उपभोग गर्न सकिएको खण्डमा कृषि फसलमा वृद्धि हुनाका साथै नेपालीको आयआर्जनमा सहयोग पुग्छ । सिँचाइ सुविधा उपलब्ध गराउन सकेमा कृषिजन्य वस्तुको वृद्धि हुने र आवश्यकताभन्दा बढी अन्नलाई अन्य राष्ट्र निकासी गरी विदेशी मुद्रा आर्जन गर्न सकिने भएकाले समयमै यसतर्फ आवश्यक पाइला चाल्नुपर्ने स्थिति देखिन्छ ।

**प्रश्नहरू**

(क) मुलुकको विकासमा के कुराले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ?
(ख) विद्युत् शक्तिको उपयोग कसरी गर्नु उपयुक्त हुन्छ ?
(ग) खेर गइरहेको पानीबाट कुन कुन पक्षमा फाइदा लिन सकिन्छ ?
(घ) कृषिजन्य वस्तुका उत्पादन बढ्दा राष्ट्रलाई कसरी फाइदा पुग्छ ?

**१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** ४

**(क) दिइएका बुँदाका आधारमा कथा तयार पारी शीर्षकसमेत लेख्नुहोस् :**

सहरमा एक प्रतिष्ठित व्यापारी हुनु .......... विवाह गरेको धेरै समयसम्म सन्तान नहुनु ....... टेस्टट्युब प्रविधिबाट एउटा छोरो जन्मिनु ......... अत्यन्तै माया गरेर छोरो हुर्काउनु ......... छोरालाई केही कुराको अभाव हुन नदिनु ........ जति पैसा मागे पनि दिनु ........ छोरो साथीहरूसँग पनि रमाउनु .............

साथीहरूका बारेमा परिवारले चासो नदिनु .......... ऊ कुलतमा फस्नु ..........लागुपदार्थ सेवन गर्नु .......... प्रहरीले समात्नु .......... आमाबुबा चिन्तित हुनु .............. छोरो घर नआउनु ........... छोरो खोजिदिन प्रहरीलाई आग्रह गर्नु ......... प्रहरीले छोरो समातिएको जानकारी दिनु .......... आमाबुबा छाँगाबाट खसे जस्तै हुनु ............ छोरालाई समय दिन नसकेकामा पछुतो मान्नु ........ छोराको रेखदेख गर्ने बाचा गर्नु .............. घर फर्कनु ।

(ख) **'सुशासन' शीर्षकमा शिक्षक र विद्यार्थीबिच भएको संवाद लेख्नुहोस् ।**

**१३. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** ४

(क) विद्यालयमा आवश्यक खेलकुद सामग्रीको व्यवस्था गरिदिन आग्रह गर्दै विद्यालयका प्रधानाध्यापकलाई निवेदन लेख्नुहोस् ।

(ख) विद्यालयले आयोजना गरेको वार्षिकोत्सव तथा अभिभावक दिवस समारोहका गतिविधिलाई समेटेर समाचार तयार पार्नुहोस् ।

**१४. दिइएको अनुच्छेदबाट मुख्य मुख्य चारओटा बुँदा टिप्नुहोस् :** २

प्राचीन ऋषिमुनिले अनेकौं सभ्यता, संस्कृति, पूर्वीय दर्शन र ज्ञानको ज्योति संसारभर फिँजाए र मेरो देशको शिक्षालाई आलोकित गरे । वेदव्यासमा ज्ञानको स्फुरण यहीँ भयो र उनले अठार पुराणको रचना गरे र राजा जनकको दरबारमा याज्ञवल्क्य, गार्गी, मैत्रेयी जस्ता विद्वान् विदुषीले शास्त्रार्थ गरेर जीवन र जगत्का यथार्थ र रहस्यका पाटा उजागर गरे । ज्ञानको तिर्खाले आकुलव्याकुल भएर समुदायमा आफ्नो संस्कृतिको उत्थान र संवर्धन गर्न प्रेरणा दिन अनि समाजमा चेतना र जागरण फैलाउने 'मुन्धुम' जस्तो ग्रन्थ रचना गरे । यसरी मेरो देशको शिक्षाको प्रवर्धनमा परापूर्व कालदेखि विभिन्न ऋषिमहर्षि र विद्वान्ले विशिष्ट योगदान दिएका छन् । ज्ञानको मूलस्रोतका रूपमा रहेको र श्रुतिपरम्परामा आधारित अपौरुषेय रचना मानिने चार वेदको शिक्षासमेत मेरो देशको शिक्षाको गौरवमय मुहान हो ।

**१५. दिइएको अनुच्छेदबाट एक तृतीयांशमा सारांश लेख्नुहोस् :** ३

साइबर अपराधको सिकारबाट जोगिन, आफ्नो कम्प्युटर, ल्यापटप, मोबाइलमा चलाइने सामाजिक सञ्जाललगायत पासवर्ड कसैलाई दिनुहुँदैन । समय समयमा पासवर्ड परिवर्तन गरिरहनुपर्छ । अपरिचित व्यक्ति वा संस्थाबाट आएका इमेल खोल्नुहुँदैन । इमेलमा काम गरिसकेपछि साइनआउट वा लगआउट गर्नुपर्छ । इमेल तथा सामाजिक सञ्जालमा आउन सक्ने आकर्षक उपहार वा चिट्ठाको भ्रममा पर्नुहुँदैन । यस्ता इमेल तथा म्यासेजमाथि शङ्का लागेमा नजिकको प्रहरी कार्यालयमा सम्पर्क गर्नुपर्छ । कुनै पनि मेल वा म्यासेन्जरमा लिङ्क आएमा पहिला लिङ्क सही हो वा होइन पत्ता लगाएर मात्र लिङ्कमा क्लिक गर्ने गर्नुपर्छ । त्यसै गरी गैरकानुनी रूपमा अरूको वाइफाइ प्रयोग नगर्ने, मोबाइल हराएमा नजिकको दूरसञ्चारमा जानकारी गराई आफ्नो सिम ब्लक गराउन लगाउनुपर्छ ।

१६. दिइएका प्रश्नको उत्तर दिनुहोस् : ४+४=८

(क) **दिइएको कथांशका आधारमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

बाहिरी शत्रुलाई उठ्न दिनाको मूल कारण घरझगडा हो भन्ने वाक्यको ठुलो टीका टिप्पणीसमेत गुरु गजराज मिश्रले गर्नुभएपछि मेरो मनले पनि त्यसमा पुस्ट्याइँ गऱ्यो । यता चौबिसीहरूले सङ्गठन गर्न थालेको गुप्ती खबर सुनियो । हुँदाहुँदै पाल्पा, पर्वत र तनहुँको सङ्गठनको बल्दो अग्निमा हाम्रा सरदार बलि बानियाँ र केही फौजले समेत देशका निमित्त बलिदान दिएको कुरा हुरी बनेर आयो । चितवनको रक्षाका निम्ति बसेका रामकृष्ण कुँवर केही फौज लिई तनहुँतिर गएको खबरले केही आश्वासन दियो । त्यसपछि मानवता र परिस्थितिको समेत ख्याल राखी यी देवरलाई नुवाकोटबाट छुटाई यहाँ ल्याएर भनेँ, "राजकुमार, यसरी हामीले आगो पानी बन्नु ठिक होइन । आपसी फुट नै जातिको पतनको चिह्न हो ।

**प्रश्नहरू**

(अ) बाहिरी शत्रुलाई उठ्न दिनाको मूल कारण घरझगडा हो भन्ने कुरालाई राजेन्द्रलक्ष्मीले कसरी महसुस गरिन् ?

(आ) देवर बहादुर शाहलाई नुवाकोटबाट छुटाएर राजेन्द्रलक्ष्मीले उनीसँग के सल्लाह गरिन् ?

(ख) **दिइएको जीवनीको अंशका आधारमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

मानव वेदनाको जीवन्त चित्र भएका कला सिर्जनामा पिकासोले आफ्नो सम्पूर्ण जीवन समर्पण गरे । उनले कलामार्फत बन्दुकभन्दा कलम र कुची बलियो हुन्छ भन्ने दसी प्रस्तुत गरे र कलामार्फत युद्धलाई खरो रूपमा व्यङ्ग्य गरे । त्यसैले त नाजीहरूले पिकासोलाई जर्मनीमा चित्र प्रदर्शन गर्न दिएनन् । उनले भिखारी, जेलमा थुनिएका, दुःख पाएका, हेपिएका र सीमान्तकृत मान्छेका साथै गम्भीर मानसिक समस्या भएका व्यक्तिका चित्रसमेत बनाए । उनले महिलाका मार्मिक र प्रेमिल चित्र पनि बनाए । उनी केवल मान्छेको बाहिरी आवरण मात्र कहाँ हो र, ती व्यक्तिका भित्री वेदना, संवेदना, संवेग, मर्म र सौन्दर्य मूर्त बनेर उनका अमूर्त चित्रभित्र चित्रित हुन्थे ।

**प्रश्नहरू**

(अ) पाब्लो पिकासोले कलामार्फत बन्दुकभन्दा कलम र कुची बलियो हुन्छ भन्ने कुरालाई कसरी प्रमाणित गरे ?

(आ) पाब्लो पिकासोका चित्रभित्र कुन कुन विषयवस्तु समेटिन्थे ?

१७. **"घरको माया' एकाङ्कीका पात्र लालबहादुरलाई चाहिँ देशको माया नलागेकै हो ? आफ्ना साथीहरू स्वदेश फर्कन लाग्दा पनि उनी भने परदेशमा नै बस्न खोजेका हुन् त ? आफ्नो तर्क दिनुहोस् ।** ४

१८. **कुनै एक उद्धरणको व्याख्या गर्नुहोस् ।** ४

(क) पहाड भन्छ पसिना पाए म स्वर्ग भुलाउँथें
तराई भन्छ सिँचाइ पाए म सुन फुलाउँथें ।

(ख) सबै पर्खाइको पछिल्तिर मेरा सयौं सपना पर्खिरहेछन्, इच्छा र आकाङ्क्षा पर्खिरहेछन् ।

१९. **कुनै एक प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस् :** ७

**(क) दिइएको कविताांशका आधारमा सोधिएको प्रश्नको उत्तर लेख्नुहोस् :**

घरभित्र
अन्धविश्वासलाई विश्वास मानेर उग्राइरहेका
केही मान्छेहरू छन्
समय, जहाँ घडीले होइन कुखुराको भालेले बताउने गर्छ
परदेश गएकाहरूको कुशल मङ्गल
जहाँ अगेनामा नुन पट्काएर अन्दाज गर्न सकिन्छ
विज्ञानको पनि बेग्लै ढङ्ग छ गाउँमा
र आङमा घाम लाग्ने नलाग्ने कुराको ठेगान
बारीको उब्जाइ हेरेर यकिन गर्न सकिन्छ
यो मेरो देशको सुदूर पूर्वको गाउँ
यो मेरो देशको सुदूर पश्चिमको गाउँ

**प्रश्न**

(अ) कविताांशका आधारमा नेपालका सुदूर पूर्व र सुदूर पश्चिमका गाउँले परिवेशको समीक्षा गर्नुहोस् ।

**(ख) दिइएको जीवनीको अंशका आधारमा सोधिएको प्रश्नको उत्तर दिनुहोस् :**

वास्तवमा लक्ष्मीप्रसाद देवकोटाले लगातार चार दशकसम्म विभिन्न विधाका दर्जनौं साहित्यिक कृति रचना गरी नेपाली साहित्यलाई समृद्ध तुल्याए । जति वेला ताते गर्दै नेपली साहित्य क्रमश: किशोर वयतिर चढ्दै थियो । ठिक त्यति बेला नेपाली साहित्यले उनको कलमको जादुमय स्पर्श पायो ।

**प्रश्न**

(अ) लक्ष्मीप्रसाद देवकोटाले नेपाली साहित्यमा पुर्‍याएका योगदानको समीक्षा गर्नुहोस् ।

२०. **कुनै एक शीर्षकमा १५० शब्द नघटाई निबन्ध लेख्नुहोस् :** ७

(क) देशप्रति मेरो कर्तव्य
(ख) आत्मनिर्भरताका लागि कृषि
(ग) बनजङ्गलको महत्त्व

# SEE 2081 (2025)
## अनिवार्य नेपाली

**समय : ३ घण्टा** **पूर्णाङ्क : ७५**

**दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :**

१. **समूह 'क' मा दिइएका शब्दको अर्थ समूह 'ख' बाट पहिचान गरी जोडा मिलाउनुहोस् :** २

| समूह 'क' | समूह 'ख' |
|---|---|
| दसी | हक |
| सङ्कल्प | ऋण |
| निष्ठा | प्रमाण |
| कर्जा | दृढ निश्चय |
| | आस्था |
| | चमक |

२. **दिइएको अनुच्छेदबाट उपयुक्त शब्द पहिचान गरी खाली ठाउँ भर्नुहोस् :** २

जमदार बा ऐना हेर्दै मुस्काइरहेका थिए "बुढेसकालमा पनि कति नक्कल पार्न जानेको" भनी छेउमै बसेकी श्रीमतीले भनिन् । त्यसो नभन, हामी पल्टनमा हुँदा यही टोप लगाएर हिँड्थ्यौँ भन्दै बुढा हिँडे ।

(क) 'दर्पण' को पर्यायवाची शब्द ........ हो ।
(ख) 'सक्कल' को विपरीतार्थी शब्द ...... हो ।
(ग) समूहवाची शब्द .......... हो ।
(घ) 'तोप' शब्दको श्रुतिसमभिन्नार्थी शब्द ............ हो ।

३. **दिइएको अनुच्छेदबाट एउटा टुक्का र एउटा पारिभाषिक शब्द पहिचान गरी अनुच्छेदको भन्दा फरक वाक्यमा प्रयोग गर्नुहोस् :** २

जनक्रान्तिदेखि यता श्रीधरले अड्डाखानामा पनि आफ्नो रोबरवाफ प्रशस्त जमाइराखेका थिए । भने जस्तो भएन भने बजारमा हवाङ फुकेर पर्चा बाँड्दै हिँड्थे । त्यसो हुनाले अदालतका डिट्ठाविचारी श्रीधरसँग अलि भस्कन्थे । बेला बेलामा उनीहरूका कन्सिरी तात्थे । उसमाथि अदालतमा मामिलाको निरोपण हुँदा बकितमलाई भन्दा लिखितमलाई बर्ता महत्त्व दिने रीति छ ।

४. **(क) दिइएका शब्द समूहबाट शुद्ध शब्द छानी लेख्नुहोस् :** १

(अ) (i) कंचन (ii) कञ्चन (iii) कन्चन (iv) कङ्चन
(आ) (i) वाताबरण (ii) बाताबरण (iii) बातावरण (iv) वातावरण

**(ख) दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् :** २

मेरो देशको शिक्षालाई सिप युक्त समून्नत र व्यावहारिक बनाउन अहिलेको चुनौतिलाई अवसरका रूपमा बदल्नुपर्छ ।

५. **दिइएको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको पदवर्ग पहिचान गरी लेख्नुहोस् :** ३
गरिब मानिसलाई **गरिबले** ने हेप्ने गर्छन् **तर** यो कुरा ठिक होइन । **समुन्नत** राष्ट्र निर्माणका लागि **हामीले** सबैसँग **मिलेर** पो काम **गर्नुपर्छ** ।

६. **दिइएका प्रश्नको उत्तर दिनुहोस् :** २+२=४

(क) **दिइएको अनुच्छेदबाट दुईओटा उपसर्ग र दुईओटा प्रत्यय लागेर बनेका शब्द पहिचान गरी निर्माण प्रक्रियासमेत देखाउनुहोस् :**
आयुर्वेदिक उपचार गर्न भनी हिँडेका बुद्धिमान् दङाली प्रज्ज्वलले अस्पतालमा पुगेर डाक्टरलाई अभिवादन गरे । धनकुटे चिकित्सकले अभिवादन फर्काउँदै शिष्टताको परिचय दिए ।

(ख) **दिइएको अनुच्छेदबाट एउटा समस्त शब्द पहिचान गरी विग्रह गर्नुहोस्, एउटा विग्रह पदावली पहिचान गरी समस्त शब्द बनाउनुहोस् र द्वित्व भएर बनेका दुईओटा शब्द पहिचान गरी निर्माण प्रक्रियासमेत देखाउनुहोस् :**
म आज भातसात केही खान्न भन्दै डाँडाघरे सान्कान्छा माघेसङ्क्रान्तिमा मकर स्नान गर्न सप्तकोसीतिर हिँडे । छोराले तिनलाई बाटामा भेट्यो र भन्यो, "बा ! कोसीको पारी नजानु है ।" उनले छोरालाई भने, "धेरै गनगन नगर । बाटाका लागि खर्च कटाएर भए पनि तीन नदीको सङ्गम स्थलबाट मर्मसला हालेको मिठाई ल्याइदिउँला ।"

७. **दिइएको अनुच्छेदलाई अपूर्ण वर्तमान कालमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :** २
नेत्रलालले गीत गाए । उनले मादल बजाए । आफू पनि नाचे । अरूलाई पनि नचाए ।

८. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** २
(क) आज्ञार्थक भावका फरक फरक क्रियापद प्रयोग गरी चार वाक्यमा आफ्नी बहिनीलाई काम गर्न निर्देशन दिनुहोस् ।

(ख) **दिइएका वाक्यलाई प्रथम पुरुषमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस् :**
तिमी नेपाली हौ । तिमीले नेपाललाई माया गर्नुपर्छ । तिमी स्वदेशमा नै बसी आफ्नो सिप, सिर्जना र पसिना बहाउनुपर्छ । तिमीले देशको मुहार फेरिएको हेर्न पाउनुपर्छ ।

९. **कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :** ४
(क) जाडो धेरै भएपछि हामी घाम ताप्न गयौँ । (वाक्य विश्लेषण)
(ख) भाइबहिनीद्वारा पाठ पढिन्छ । (कर्तृवाच्य)
(ग) सानी सबेरै उठ्छे । (प्रेरणार्थक वाक्य)
(घ) आमाले सबैलाई खाना खान बोलाउनुभयो । (प्रत्यक्ष कथन)

१०. **दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् :** ४
बडो मुस्किलसँग नजरबन्दबाट छुटेपछि लामो सास फेरेर राजेन्द्रलक्ष्मीले भनिन्, "दयाको फल **मैले** पाएँ । कुपात्रमा परेको अमृत पनि विष बन्दो रहेछ । देवर भनेर यी बहादुर शाहलाई मैले हुनेसम्म गरेकी हुँ । घरमा पनि यी बाघ बने, अस्मानमा

पुऱ्याउँदा पनि बाजको रूप लिए । अब पातलमा पुऱ्याउँदा के हुने हुन् हेरौं । नाग बनेर आए पनि यिनीसँग म डराउन्नँ । यिनको विष शमन गर्ने वैद्यहरूको सहायता नपाएकी भए म उम्कन सक्ने थिइनँ । मेरो व्यक्तित्वको प्रभावमा आकर्षित भएका र न्यायका बाटामा हिँड्ने भारदारहरू जति भने पनि छन् ।"

**प्रश्नहरू**

(क) 'घरमा पनि यिनी बाघ बने ।' यस वाक्यलाई अकरणमा बदल्नुहोस् ।

(ख) रेखाङ्कित शब्द **'मैले'** को कारक र विभक्ति पहिचान गर्नुहोस् ।

(ग) 'देवर भनेर यी बहादुर शाहलाई मैले हुनेसम्म गरेकी हुँ ।' यस वाक्यको उद्देश्य र विधेय पहिचान गरी लेख्नुहोस् ।

(घ) 'कुपात्रमा परेको अमृत पनि विष बन्दो रहेछ ।' यस वाक्यलाई मिश्र वाक्यमा बदल्नुहोस् ।

**११. दिइएको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** ४

सहकार्य सिकाइ भनेको समूहमा क्रियाकलाप गरेर सिक्ने विधि हो । यस प्रणालीमा सिकाइने कुनै पनि विषयको विषयवस्तुको सिकाइ, उक्त विषयवस्तुमा प्राप्त गरेका सूचना तथा अनुभवलाई एकआपसमा आदानप्रदान गरेर सिक्छन् । सिकाइका लागि एकआपसमा सहयोगपूर्ण वातावरणको निर्माण गर्छन् । जहाँ कुनै पनि विषयवस्तुमा आफूले प्राप्त गरेका सूचना तथा ज्ञानलाई एकआपसमा आदानप्रदान गर्छन् । यस्तो आदानप्रदानबाट उनीहरूले आफ्नो अनुभव र आफूमा भएको ज्ञानलाई परिमार्जन र परिष्कृत बनाउँछन् । यसरी सहकार्य शिक्षण कक्षाका विद्यार्थीको ससाना समूहमा आपसी सहयोगद्वारा गरिने शिक्षण सिकाइ प्रणाली हो । यसमा शिक्षण सिकाइ प्रक्रियालाई विद्यार्थी केन्द्रित बनाउने प्रयत्न गरिन्छ साथै विद्यार्थीले आफूले सिक्ने तरिका र सिकाइको प्रक्रिया आफैँले रोज्ने छुट दिइन्छ । यसमा शिक्षक एउटा सहयोगी मित्र तथा सिकाइको मार्गदर्शकको भूमिकामा हुन्छ । विद्यार्थीले एकआपसमा सहयोगको आदानप्रदान गर्दै सिक्ने वातावरण तयार गरिएको हुन्छ । त्यसो गर्दा विद्यार्थी स्वस्थ र सहयोगीपूर्ण अन्तरक्रिया गरेर सिक्छन् । यसमा एक्लाएक्लै काम गर्नु वा अध्ययन गर्नुको सट्टा मिलिजुली काम गर्ने, आफूले प्राप्त गरेका सूचना र अनुभवलाई साथीसमक्ष आदानप्रदान गरेर सिक्दा सिकाइ प्रभावकारी हुन्छ ।

**प्रश्नहरू**

(क) सहकार्य सिकाइ भनेको के हो ?

(ख) सहकार्य सिकाइमा सिकारुले कसरी सिक्छन् ?

(ग) सहकार्य सिकाइ विधिमा शिक्षकको भूमिका कस्तो रहन्छ ?

(घ) सहकार्य सिकाइ विधिलाई किन प्रभावकारी मानिन्छ ?

१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ४

(क) दिइएको बुँदाका आधारमा एउटा छोटो कथा तयार पारी शीर्षकसमेत लेख्नुहोस् :

प्रवीण धेरै धन कमाइने लोभले विदेश जानु……विदेश स्वदेश जस्तो नहुनु……दिनमा १४ घण्टासम्म काममा जोतिँदासमेत गएको ऋण तिर्न नसक्नु……ऊ देश र गाउँघरको सम्झनाले पिरोलिनु……ऊ तुरुन्त विदेश छोडेर आउन पनि नसक्नु……उसले निकै वर्ष दुःख गरेर केही धन आर्जन गर्नु……देशमै फर्केर सानोतिनो लगानी गरी आफ्नै खेतबारीमा पाखुरा खियाउने निधो गर्नु …… अहिले आफ्नै देशमा कृषि व्यवसाय अँगाल्नु……उसका आमाबुबा बुढेसकालमा साहरा पाएर अत्यन्त खुसी हुनु ।

(ख) 'सन्तानका लागि सम्पत्तिभन्दा स्तरीय शिक्षा' भन्ने पक्षका तर्फबाट विपक्षीको मतको खण्डन गर्दै आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

१३. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ४

(क) तपाईंको विद्यालयमा फुटबल खेलका लागि आवश्यक भौतिक पूर्वाधार विस्तार गरिदिन अनुरोध गर्दै वडाध्यक्षलाई लेख्ने निवेदनको नमुना तयार गर्नुहोस् ।

(ख) तपाईं सहभागी भएको सांस्कृतिक कार्यक्रमको समाचारको नमुना तयार पार्नुहोस् ।

१४. दिइएको अनुच्छेदबाट मुख्य मुख्य चारओटा बुँदा टिपोट गर्नुहोस् : २

एलोप्याथिक उपचार पद्धति हाल सर्वाधिक लोकप्रिय चिकित्सा पद्धति मानिन्छ । यसलाई आधुनिक चिकित्सा विज्ञानको पर्यायका रूपमा समेत हेरिएको छ । होमियोप्याथीमा रोग निको पार्नका लागि सुरुमै रोग बढाउने खुराक दिइन्छ र क्रमशः निको पारिन्छ भने एलोप्याथीमा रोग निको पार्नका लागि सुरुमै रोग घटाउने औषधी दिइन्छ । एलोप्याथिक र आयुर्वेद दुवै चिकित्सा शास्त्र हुन् तर व्यावहारिक रूपमा चिकित्साको पूर्वीय वैदिक र प्राचीन चिकित्सा पद्धतिलाई आयुर्वेद चिकित्सा भनिन्छ । एलोप्याथिक प्रणाली वा पाश्चात्य आधुनिक चिकित्सा प्रणालीलाई चिकित्सा प्रणाली भन्ने बुझिन्छ । 'आम रूपमा र प्रचलित धारणाअनुसार डाक्टरी उपचारका नामले चिनिने चिकित्सा पद्धति आधुनिक चिकित्सा पद्धति वा एलोप्याथिक पद्धति हो ।

१५. दिइएको अनुच्छेदबाट एक तृतीयांशमा सारांश लेख्नुहोस् : ३

परापूर्व कालदेखि यस पवित्र भूमिमा रहेको ज्ञानलाई आधुनिक विज्ञानसँग हातेमालो गर्दै मेरो देशको शिक्षाले सुन्दर यात्रा गरेके छ । नेपाली माटामा सुन फलाउन यसरी प्राचीन कालदेखि ज्ञानको खानी रहेको मेरो देशको शिक्षा आज आधुनिक वैज्ञानिक शिक्षा प्रदान गर्न आतुर छ । त्यसो त मेरो देशले आफूमा परापूर्वकालदेखि रहेको ज्ञानलाई आधुनिक विज्ञानसँग एकसाथ सहयात्रा गरेके छ । नेपाली माटामा सुन फलाउने गरी व्यावसायिक र आधुनिक कृषि शिक्षा दिने मेरो देशको शिक्षा आफैं लगानी र पहुँच विस्तारमा जोड दिनुपर्छ । मुलुकका उत्पादनलाई विश्वबजारमा

पस्किने गरी हाम्रा विद्यार्थी उत्पादनलाई संसारमा चिनाउन सक्षम हुने परिस्थिति पैदा गर्न जरुरी छ ।

**१६. दिइएका प्रश्नको उत्तर दिनुहोस् :** ४+४=८

**(क) दिइएको कविताांशका आधारमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

जुटेका ज्ञानले जो छन् पार्दै धर्ती मनोहर
उठेका कर्मले जो छन् गर्दै निर्माण सुन्दर ।

**प्रश्नहरू**

(अ) धर्तीलाई केले मनोहर बनाएको छ ?

(आ) माथिको कविताांशको मूल भाव के हो ?

**(ख) दिइएको एकाङ्कीको अंशका आधारमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

मित त दुईचार दिनमा घर पुगिहाल्छन् । शमीको शीतल बतास, छहराको पानी, रोपाइँको रमाइलोले मलाई बिर्सिहाल्लान् । म मात्र उनलाई सम्झिरहने भएँ, फाँटमा अल्मलिएको गोरु जस्तै पसिना चुहाई चुहाई बाटो नपाएर घुमिरहने भएँ, रुमल्लिरहने भएँ ।

**प्रश्नहरू**

(अ) लालबहादुर किन दोधारमा परेको हो ?

(आ) माथिको अनुच्छेदको मुख्य सन्देश के हो ?

**१७. दिइएको प्रश्नको तार्किक उत्तर दिनुहोस् :** ४

'आयाम कथाले नेपाली समाजमा विधवा विवाहका सम्बन्धमा देखाएको उदारताप्रति तपाईँका तर्क प्रस्तुत गर्नुहोस् ।

**१८. कुनै एक उद्धरणको व्याख्या गर्नुहोस् :** ४

(क) आशिष देऊ एकै र फेरि पसिना बगाऊँ
नेपाली हाम्रो श्रम र सिप स्वदेशमै लगाऊँ ।

(ख) बन्दुकभन्दा कलम र कुची बलियो हुन्छ ।

**१९. कुनै एक प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस् :** ७

**(क) दिइएको कथांशका आधारमा सोधिएको प्रश्नको उत्तर दिनुहोस् :**

कृष्ण रायले धेरैसँग सङ्गत गरेनन् तर जतिसँग सङ्गत गरे सबैलाई तिनीसँग 'बापवैरी साँध्ने कुनै न कुनै निहुँ दिए । कस्तो अचम्म, निर्दोष कुरामा पनि विषालु साँप जस्तो बैरी बनाउने साधन लुकिरहेको देखिन्छ । भोलिपल्ट यस घटनाको जाँच हुँदा पुलिसको इन्सपेक्टरले तिनलाई सोध्यो, 'तपाईँलाई कसैमाथि शङ्का छ ?' कृष्ण रायले गम्भीर भएर उत्तर दिए "रामे, केदार, युवक, गोविन्द पण्डित, कन्हैया, बुधे, लीला, पुष्पराज' रामचन्द्र पराजुली ........... ।"

**प्रश्न**

(अ) कृष्ण रायका मनमा उत्पन्न मानसिक उतारचढावलाई 'शत्रु' कथाका आधारमा समीक्षा गर्नुहोस् ।

**(ख) दिइएको निबन्धांशका आधारमा सोधिएको प्रश्नको उत्तर दिनुहोस् :**

हामी दुवै चाहन्छौं, एउटा यस्तो दुनियाँ सिर्जना गरौं जहाँ कसैले कसैलाई कुराले मात्र टार्न नसकोस् । झुल्याएर फुल्याउने, लर्काएर पर्खाउने यस्तो जालेमाले परम्परा नहोस् तर समस्या त उही हो, जतिसुकै बलियासँग चाहे पनि हाम्रो यो चाहना चाहनेबित्तिकै पूरा हुँदैन पर्खनुपर्छ । त्यसैले त म लस्याङलुसुङ गरेर भए पनि घरी यता धाउँछु घरी उता धाउँछु, घरी यता हुन्छु, घरी उता हुन्छु, जम्स्याङजुम्सुङ गरेर भए पनि पर्खिरहेछु र तपाईंलाई पनि भन्दै छु, पर्खनुदेखि पट्याउनु पलायनवादिता हो ।

**प्रश्न**

(अ) 'पर्खनोस्' निबन्धमा नेपाली समाजका विकृत पक्षमाथि गरिएको व्यङ्ग्यलाई समीक्षा गर्नुहोस् ।

**२०. कुनै एक शीर्षकमा १५० शब्द नघटाई निबन्ध लेख्नुहोस् :** ७

(क) मेरो जीवनको लक्ष्य

(ख) आत्मनिर्भरताका लागि प्राविधिक शिक्षा

(ग) वातावरण प्रदूषणका असरहरू

-0-

RE-1021'GP'

# SEE 2081 (2025)
## अनिवार्य नेपाली

**समय : ३ घण्टा** **पूर्णाङ्क : ७५**

**दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :**

१. **समूह 'क' मा दिइएका शब्दको अर्थ समूह 'ख' बाट पहिचान गरी जोडा मिलाउनुहोस् :** २

| समूह 'क' | समूह 'ख' |
|---|---|
| अनाहक | पानी नलाग्ने खेतबारीमा रोपिने एक किसिमको धान |
| घैया | किराँतको धर्मशास्त्र |
| क्षितिज | विद्वान् महिला |
| विदुषी | पृथ्वी र आकाश जोडिएको जस्तो देखिने स्थान |
| | कुनै प्रयोजनबिना |
| | झझल्को |

२. **दिइएको अनुच्छेदबाट उपयुक्त शब्द पहिचान गरी खाली ठाउँ भर्नुहोस् :** २

खेतीपातीबाट जीवन धान्ने नेपालीको पुरानै चलन हो । खेतीपातीका काममा आधुनिक यन्त्र उपकरणका सट्टा अझै कुटो, कोदाली र हलो जस्ता औजार नै चलनचल्तीमा छन् । करले नभई रहरले यस क्षेत्रमा लाग्ने अवस्था अझै सिर्जना हुन सकेको छैन ।

(क) 'कृषि' को पर्यायवाची शब्द ......... हो ।

(ख) 'प्राचीन' को विपरीतार्थी शब्द ........ हो ।

(ग) अनेकार्थी शब्द ............................हो ।

(घ) 'कोदालो' को लघुतावाची शब्द ........ हो ।

३. **दिइएको अनुच्छेदबाट एउटा उखान र एउटा अनुकरणात्मक शब्द पहिचान गरी अनुच्छेदको भन्दा फरक वाक्यमा प्रयोग गर्नुहोस् :** २

हुने बिरुवाको चिल्लो पात भने झैँ राम सानैदेखि मिहिनेती र इमानदार थिए । उनी पढाएका कुरा फटाफट याद गर्थे त्यसैले उनी जीवनमा सफल भए । छिमेकी भनेको जिउँदाको जन्ती र मर्दाको मलामी हुन् भन्दै उनी सामाजिक सेवामा खुरुखुरु लागेका छन् ।

४. **(क) दिइएका शब्द समूहबाट शुद्ध शब्द पहिचान गरी लेख्नुहोस् :** १

(अ) (i) विश्ब (ii) विश्व (iii) बिश्व (iv) बिश्ब

(आ) (i) जर्याकजुरुक (ii) जर्‍याकजुरुक (iii) जऱ्याकजुरुक (iv) जय्राकजुरुक

**(ख) दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् :** २

प्राकृतिक सौन्दर्यमा रमाऊन चाहने पर्यटक नेपाल भित्रिएका छन् उनिहरू यहाँको प्रकृतिमा रमायका छन् ।

५. **दिइएको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको पदवर्ग पहिचान गर्नुहोस् :** ३

**कान्छो** स्वदेशमा **ने** बसेर **उद्यमशील** कार्य गर्छु **भन्छ** । उसको विचार **मलाई** त **अति** राम्रो लाग्यो ।

६. **दिइएका प्रश्नको उत्तर दिनुहोस् :** २+२=४

(क) **दिइएको अनुच्छेदबाट दुईओटा उपसर्ग र दुईओटा प्रत्यय लागेर बनेका शब्द पहिचान गरी निर्माण प्रक्रियासमेत देखाउनुहोस् :**

मानवीय संवेदनाको युगीन लय पक्रेर कलाकृति सिर्जना गर्ने कलाकार संसारमा बिरलै जन्मिन्छन् । विलक्षण प्रतिभा भएका पाब्लो पिकासोका नसा नसामा जन्मजात कलाकारिता प्रवाहित थियो ।

(ख) **दिइएको अनुच्छेदबाट एउटा समस्त शब्द पहिचान गरी विग्रह गर्नुहोस्, एउटा विग्रह पदावली पहिचान गरी समस्त शब्द बनाउहोस् र द्वित्व भएर बनेका दुईओटा शब्द पहिचान गरी निर्माण प्रक्रियासमेत देखाउनुहोस् :**

हाम्रा ठुलो बुबा धोक्रेसुरुवाल लगाएर सबैको घरघरमा डुली कसैको घरमा झैझगडा भएको छ कि भनी कुरा बुझ्नुहुन्थ्यो । उहाँ हरबखत सबैलाई आआफ्नो कामसाम समयमै गर्नुपर्छ भनेर सरसल्लाह पनि दिनुहुन्थ्यो । उहाँ पानीको घट्टमा पिँधेको मकैको पिठो खुब मन पराउनुहुन्थ्यो ।

७. **दिइएको अनुच्छेदलाई अभ्यस्त भूतकालमा परिवर्तन गर्नुहोस् :** २

सङ्गीता बिहान सबेरै उठ्छिन् । उनी आफ्नो बिहानको काम सकेर केहीबेर गृहकार्य गर्छिन् । उनी आमालाई भान्साको काममा सघाउँछिन् । उनी खाना खाएर समयमै विद्यालय जान्छिन् ।

८. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** २

(क) आज्ञार्थक भावका फरक फरक क्रियापदको प्रयोग गरी शैक्षिक भ्रमण जान लागेका भाइलाई चार वाक्यमा उपयुक्त सल्लाह दिनुहोस् ।

(ख) **दिइएका बहुवचनका वाक्यलाई एकवचनमा परिवर्तन गरी अनुच्छेद पुनर्लेखन गर्नुहोस् :**

उनीहरू सहरबाट घर फर्के । उनीहरूले घर आउँदा गाउँलेका लागि कोसेली पनि किने । मोटा मान्छेका लागि भनेर चिनी नभएको मिठाई झोलामा राखे । घर पुग्दा उनीहरूलाई सेता हिमालले स्वागत गर्न लागे झैँ आभास भएछ ।

९. **कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :** ४

(क) हामी सगरमाथाको आधार शिविर पुगेर त्यहाँको हिमाली सौन्दर्यमा रमाउँछौँ । (वाक्य विश्लेषण)

(ख) हामी आधुनिक तरकारी खेती गर्छौँ । (कर्मवाच्य)

(ग) सरला पढ्छिन् । (प्रेरणार्थक)

(घ) गुरुबाले भन्नुभयो, "तिमीहरू नेपाली विषयमा अब्बल छौ ।" (अप्रत्यक्ष कथन)

**१०. दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** ४

जे होस् ल, आफ्नै कुरा गरूँ, धेरै पटक भइसक्यो, एउटा लेख तपाईंले मसित माग्नुभएको छ तर पटकैपिच्छे मैले 'पर्खनोस्' भन्दै आएको छु, पर्खाएको छु । सम्पादक जस्तो <u>**मान्छेले**</u> पनि जमिनदारकहाँ ऋण माग्न गएको, जेरे काहिँलो झैँ पटकैपिच्छे लुत्रे कान लगाएर फर्कनुपर्दा जङ चल्नु स्वाभाविकै हो । जङ्गिँदाजङ्गिँदै जङ्गबहादुर बने पनि के लाग्छ र ? अर्काको हातबाट कुनै काम लिनु छ भने आफ्नो बाबु साक्षी राखेर तपाईंले पर्खनुपर्छ । चिल्लो शब्दमा तपाईंले धैर्य गर्नुपर्छ । अझ भनूँ भने झुल्नुपर्छ, धाउनुपर्छ, पर्खनुपर्छ । सभ्य शिक्षितहरू चिल्ला शब्द प्रयोग गर्छन् । आखिर पर्खन सबै पर्खन्छन्, सबै पर्खाउँछन् । भनूँ भने, मान्छेले राम्ररी जानेका क्रिया नै पर्खनु र पर्खाउनु हो । यो के बकन्याइ छाँट्न लाग्यो भनी तपाईं जिल्लिनुहोला तर पर्खनोस् , तपाईं आफू मात्रै पर्खिरहेको नठान्नुहोस् ।

**प्रश्नहरू**

(क) "तपाईं आफू मात्र पर्खिरहेको नठान्नुहोस् ।" यस वाक्यलाई करणमा बदल्नुहोस् ।

(ख) रेखाङ्कित **'मान्छेले'** शब्दको कारक र विभक्तिको नाम लेख्नुहोस् ।

(ग) "चिल्लो शब्दमा तपाईंले धैर्य गर्नुपर्छ" भन्ने वाक्यको उद्देश्य र विधेय छुट्याउनुहोस् ।

(घ) 'सभ्य शिक्षितहरू चिल्ला शब्द प्रयोग गर्छन् ।' यस वाक्यलाई मिश्र वाक्यमा परिवर्तन गर्नुहोस् ।

**११. दिइएको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** ४

समाज गतिशील छ । हरेक व्यक्ति सुनौलो भविष्यको खोजीमा लागेको हुन्छ । यो मानवीय स्वभाव पनि हो । शोषण, अत्याचार र विभेद नहोस् भन्ने चाहना अधिकांश मानिसको हुन्छ तर पनि मान्छेले चाहेकै भरमा समाजमा यो स्थिति हुन सकेको छैन । गरिबी, अभाव, अशिक्षा र भोकमरीले आज पनि ठूलो जनसङ्ख्या पीडित छ । धनीहरू एकदमै धनी छन् । देशभित्र उपलब्ध स्रोतसाधनको न्यायपूर्ण वितरण र सम्भावनाहरूको उचित प्रयोग गर्न सकेमा केही हदसम्म भए पनि गरिबी, अशिक्षा र अभावबाट मानिसहरूले मुक्ति पाउँछन् । यसबाट मानिसले बन्धन र दासतामुक्त संसारमा सम्मानपूर्वक बाँच्न पाउने अधिकार उपयोग गर्न सक्छन् । यसका लागि पनि तपाईं हामी सचेत व्यक्ति नै लाग्नुपर्छ । देशका पिछडा, आदिवासी समुदायको अधिकारलाई संरक्षण गरी सोका लागि लक्षित कार्यक्रमहरू सञ्चालन गर्नु राज्यको कर्तव्य हो । भविष्यका कर्णधारका रूपमा रहेका बालबालिकाहरूको सुनिश्चित भविष्यका लागि उनीहरूको अधिकार संरक्षण गर्नु राज्य तथा हामी सबैको दायित्व हो । यसका लागि सबै संवेदनशील बनेर अगि बढौँ ।

**प्रश्नहरू**

(क) व्यक्ति केको खोजीमा लागेको हुन्छ ?

(ख) उपलब्ध स्रोत र साधनको न्यायपूर्ण वितरण हुँदा समाजमा कस्तो प्रभाव पर्छ ?

(ग) राज्यको कर्तव्य के हो ?

(घ) मानिसहरूले कसरी गरिबी, अशिक्षा र अभावबाट मुक्ति पाउन सक्छन् ?

**१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ४**

**(क) दिइएका बुँदाका आधारमा एउटा कथा तयार पारी शीर्षकसमेत दिनुहोस् :**

बादशाह अकबरको राज्यमा वीरबल नामक बुद्धिमान् मन्त्री हुनु .......... कुनै महाजनको बहुमूल्य हिराको हार चोरी हुनु ........... महाजनले वीरबलकहाँ गएर चोर पत्ता लगाइदिन आग्रह गर्नु .......... वीरबलले महाजनलाई आफ्ना साते जना नोकरहरूलाई लिएर भोलिपल्ट आउन भन्नु ....... महाजन भोलिपल्ट नोकरहरूका साथ उपस्थित हुनु .......... वीरबलले साते जना नोकरहरूलाई एक एकओटा लट्ठी दिनु र भन्नु .......... जसले हार चोरेको छ, मन्त्रका बलले उसको लट्ठी एक अङ्गुल लामो हुने छ भन्नु ......... भोलि सबै मेरो दरबारमा उपस्थित हुन भन्नु .......... घर गएर हार चोर्ने नोकरले वीरबलले दिएको लट्ठी एक अङ्गुल छोटो पार्नु ........ भोलिपल्ट वीरबलको सभामा लट्ठीवाला पक्राउ पर्नु ....... जुक्तिबुद्धिले जस्तोसुकै कार्य पनि सहज रूपमा सम्पन्न हुनसक्छ भन्ने सन्देश ।

**(ख) 'खेलकुदको महत्त्व' शीर्षकमा दुई साथीबिच भएको संवाद लेख्नुहोस् ।**

**१३. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ४**

(क) शैक्षिक अवलोकन भ्रमणका लागि आर्थिक सहयोगको अनुरोध गर्दै आफ्नो वडाका वडाध्यक्षलाई लेख्ने निवेदनको नमुना तयार पार्नुहोस् ।

(ख) विद्यालयको वार्षिकोत्सव समारोहमा अतिथिहरूलाई आमन्त्रण गरिने निमन्त्रणा पत्रको नमुना तयार पार्नुहोस् ।

**१४. दिइएको अनुच्छेदबाट मुख्य मुख्य चारओटा बुँदा टिप्नुहोस् : २**

एलोप्याथिक उपचार पद्धति हाल सर्वाधिक र लोकप्रिय चिकित्सा पद्धति मानिन्छ । यसलाई आधुनिक चिकित्सा विज्ञानको पर्यायका रूपमा समेत हेरिएको छ । होमियोप्याथी चाहिँ वैकल्पिक चिकित्सा पद्धतिका रूपमा प्रचलित छ । होमियोप्याथीमा रोग निको पार्नका लागि सुरुमा रोग बढाउने खुराक दिइन्छ र क्रमशः निको पारिन्छ भने एलोप्याथीमा रोग निको पार्नका लागि सुरुमै रोग घटाउने औषधी दिइन्छ । एलोप्याथी र आयुर्वेद दुवै चिकित्सा शास्त्र हुन् तर व्यावहारिक रूपमा चिकित्साको पूर्वीय वैदिक र प्राचीन चिकित्सा पद्धतिलाई आयुर्वेद चिकित्सा भनिन्छ । एलोप्याथिक प्रणाली वा पाश्चात्य आधुनिक चिकित्सा प्रणालीलाई चिकित्सा पद्धति भन्ने बुझिन्छ । 'आम रूपमा र प्रचलित धारणाअनुसार डाक्टरी उपचारका नामले चिनिने चिकित्सा पद्धति आधुनिक चिकित्सा पद्धति वा एलोप्याथी पद्धति हो ।

१५. **दिइएको अनुच्छेदबाट एक तृतीयांशमा सारांश लेख्नुहोस् :** ३

अधिकारभन्दा कर्तव्य महान् छ । कर्तव्यभन्दा ठूलो अर्को कुनै वस्तु हुन सक्देन । त्यसैले त हाम्रा धर्मग्रन्थ र उपनिषद्मा कर्तव्यको महिमा र सर्वोच्चताको चर्चा छ । हाम्रा मात्र होइन संसारका सबै धर्मग्रन्थमा कर्तव्यलाई महान् ठानिएको पाइन्छ । आफ्ना माता, पिता र गुरुप्रतिको कर्तव्यलाई हाम्रा ग्रन्थले 'मातृ देवो भव, पितृ देवो भव, आचार्य देवो भव' भनेर उल्लेख गरेका छन् । माता, पिता र गुरुलाई देवतासमान मान्ने कर्तव्यपालनाको गहन सन्देश प्रवाह गरेका छन् । अर्को कुरा संसारमा त्यही व्यक्ति आदर्श व्यक्तिका रूपमा चिनिन्छ जो कर्तव्य पालनाको कसीमा खारिएको हुन्छ ।

१६. **दिइएका प्रश्नको उत्तर दिनुहोस् :** ४+४=८

**(क) दिइएको कवितांशका आधारमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

जुटेका ज्ञानले जो छन् पार्दै धर्ती मनोहर
उठेका कर्मले जो छन् गर्दै निर्माण सुन्दर
समर्पित भएका छन् जो सदा न्यायखातिर
संसारमा उठेका छन् तिनैका विजयी शिर ।

**प्रश्नहरू**

(अ) धर्तीलाई केले मनोहर बनाएको छ ?

(आ) माथिको कवितांशबाट के सन्देश पाउन सकिन्छ ?

**(ख) दिइएको एकाङ्कीको अंशका आधारमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् :**

किन बस्ने यहाँ ? एक गाँस खानाका निम्ति नोकरी गर्नुपरे आफ्नै घरमा आफ्नै दाजुभाइहरूको गरौँला । जति पसिना बहाउनुपरे पनि आफ्नै घरबारीमा बहाऔँला । एक गेडा मकै भए पनि आफ्नै माटामा उब्जाउँला । यसरी सबैको हेलाहाँसो भएर म त बस्दिनँ यहाँ । साराले आफ्नै देशमा काम पाएका छन्, हामीले यसरी विदेशमा लत्येर बस्नुपर्छ र ? उहाँ आफ्नो चाडबाड, पर्वमेला, तीर्थव्रत सब छाडेर अर्काको कमारो भएर बस्ने ? जाऔँ हिँड जमान दाइ, मर्नुपरे पनि बरु आफ्नै देशमा मरौँला, आफ्नै भुइँमा लम्पसार परौँला, आफ्नै खोलाका बगरमा आफ्नै वनका काठले जलौँला । हाम्रा बाबुबाजेले आफ्नो आखिरी सास हिमालको बतासमा मिलाए, हामी पनि त्यसै गरौँला । आफ्ना पुर्खाको धर्म थामौँ । जमान दाइ, जाऔँ, आजे जाऔँ । उठ, ऐल्यै जाऔँ । गइहालौँ । नबसौँ ।

**प्रश्नहरू**

(अ) एकाङ्कीको अंशमा विदेशमा भोग्नुपरेका पीडालाई कसरी व्यक्त गरिएको छ ?

(आ) 'आफ्नो पुर्खाको धर्म थामौँ' यस भनाइको तात्पर्य लेख्नुहोस् ।

१७. **राजेन्द्रलक्ष्मी र बहादुर शाहबिचको घरझगडामा दुवै देवरभाउजूलाई तपाईं के सल्लाह दिनुहुन्छ ? तर्क दिई लेख्नुहोस् ।** ४

**१८. कुनै एक उद्धरणको व्याख्या गर्नुहोस् :** ४

(क) हिउँको माझमा जन्मेको हाम्रो साहित्य कहिल्यै पनि एउटै पर्वत शृङ्खलाको भुलभुलैयामा बिलाउने छैन ।

(ख) कुकुर अज्ञानी पशु हुनाले बोलाएपछि मात्र जान्छ, मानिस चाहिँ ज्ञानवान् हुनाले बखतमौका विचार गरेर आफैँ पनि जानुपर्छ ।

**१९. कुनै एक प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस् :** ७

**(क) दिइएको कथांशका आधारमा सोधिएको प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस् :**

शन्तमाया २३ वर्षकी हुँदा उनको श्रीमान् बितेका रहेछन् । श्रीमान् बितेको १३ दिनदेखि ज्यामी काममा हिँडेकी रहिछिन् । उफ् कठैबरा ! उनी शारीरिक रूपले अत्यन्त कमजोर देखिन्छिन् ।

**प्रश्न**

(अ) विधवा नारीले जीवनमा गर्नुपरेका दुःख र सङ्घर्षलाई आयाम कथाले कसरी चित्रण गरेको छ ? समीक्षा गर्नुहोस् ।

**(ख) दिइएको जीवनीको अंशका आधारमा सोधिएको प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस् :**

नेपालको एउटा दुर्गम ठाउँमा जन्मिएका रुइत अहिले विश्वभर चर्चाको शिखरमा छन् । उनको जीवनीमा आधारित भएर धेरै वृत्तचित्र बनेका छन् । वि.सं.२०६८ मा इटालियन निर्देशक स्टिफानो लेभीले 'आउट अफ डार्कनेस' नामक वृत्तचित्र रुइतको जीवनीका आधारमा बनाएका थिए । उनको सम्मानमा न्युयोर्क टाइम्सले "पाँच मिनेटमै आँखा नदेख्नेलाई आँखा देखाउने डाक्टर" भनेर लेखेको थियो ।

**प्रश्न**

(अ) आँखा उपचारका क्षेत्रमा सन्दुक रुइतले दिएका योगदानका बारेमा समीक्षा गर्नुहोस् ।

**२०. कुनै एक शीर्षकमा १५० शब्द नघटाई निबन्ध लेख्नुहोस् :** ७

(क) देशप्रति मेरो कर्तव्य

(ख) नेपालको जलसम्पदा

(ग) कृषिमा आधुनिकीकरण

# SEE 2081 (2025)
## अनिवार्य नेपाली

**समय : ३ घण्टा** **पूर्णाङ्क : ७५**

**दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :**

**१. समूह 'क' मा दिइएका शब्दको अर्थ समूह 'ख' बाट पहिचान गरी जोडा मिलाउनुहोस् : २**

| समूह 'क' | समूह 'ख' |
|---|---|
| समृद्ध | असजिलो अवस्था |
| फसाद | दिल |
| दसी | धनधान्य आदिले सम्पन्न |
| चित्त | उत्सव |
| | उल्लास |
| | प्रमाण |

**२. दिइएको अनुच्छेदबाट उपयुक्त शब्द पहिचान गरी खाली ठाउँ भर्नुहोस् : २**

नेपाल प्राकृतिक सम्पदाले भरिपूर्ण देश हो तर यहाँका प्राकृतिक स्रोत साधनको उचित प्रयोग हुन सकेको छैन । एक दशक मात्र प्राकृतिक सम्पदाको सही प्रयोग हुन सकेको खण्डमा देशको चौतर्फी विकास हुन सक्छ ।

(क) 'मुलुक' को पर्यायवाची शब्द .......... हो ।
(ख) 'अनुचित' को विपरीतार्थी शब्द .......... हो ।
(ग) अनेकार्थी शब्द .......... हो ।
(घ) 'दश वर्षको अवधि' जनाउने पदावलीको सिङ्गो शब्द .......... हो ।

**३. दिइएको अनुच्छेद पढी एउटा उखान र एउटा अनुकरणात्मक शब्द पहिचान गरी अनुच्छेदको भन्दा फरक वाक्यमा प्रयोग गर्नुहोस् : २**

आए आँप गए झटारो भने झैं कृष्ण बिनातयारी नै फुटबल खेल्न गयो । खेलमैदान व्यवस्थित थियो । सबै खेलाडीहरू उत्साहित थिए तर कृष्णले भने राम्रो खेल्न सकेन । ऊ मैदानबाट फरक्क फर्कियो । हुने हार दैव नटार भन्दै उसका साथीहरूले सम्झाएपछि कृष्ण फुत्त निस्केर घरतिर लाग्यो ।

**४. (क) दिइएका शब्द समूहबाट शुद्ध शब्द पहिचान गरी लेख्नुहोस् : १**

(अ) (i) बिश्वविद्यालय (ii) विश्वबिद्यालय (iii) विश्वविद्यालय (iv) बिश्वबिद्यालय
(आ) (i) चन्चल (ii) चंचल (iii) चञ्चल (iv) चङ्चल

**(ख) दिइएको वाक्यलाई शुद्ध पारी लेख्नुहोस् : २**

देवकोटाको कवित्व व्यक्तित्व र प्रतिभा कविताको गूणात्मक मूल्य र सङ्ख्यात्मक योगदान अद्वितिय रहेकोछ ।

**५. दिइएको अनुच्छेदमा रेखाङ्कन गरिएका शब्दको पदवर्ग पहिचान गर्नुहोस् : ३**

स्याबास ! तिमीले परीक्षा निकै राम्रो गर्‍यौ । यो खुसी तिम्रो जीवनभरि रहिरहोस् ।

६. **दिइएका प्रश्नको उत्तर दिनुहोस् :** २+२=४

(क) **दिइएको अनुच्छेदबाट दुईओटा उपसर्ग र दुईओटा प्रत्यय लागेर बनेका शब्द पहिचान गरी निर्माण प्रक्रियासमेत देखाउनुहोस् :**
नागरिकका अधिकारलाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानमा मौलिक अधिकारका रूपमा विभिन्न हकको व्यवस्था गरिएको छ ।

(ख) **दिइएको अनुच्छेदबाट एउटा समस्त शब्द पहिचान गरी विग्रह गर्नुहोस्, एउटा विग्रह पदावली पहिचान गरी समस्त शब्द बनाउनुहोस् र द्वित्व भएर बनेका दुईओटा शब्द पहिचान गरी निर्माण प्रक्रियासमेत देखाउनुहोस् :**
बुबा बैठककोठामा हुनुहुन्थ्यो । आज भोलि बुबा टिभी हेर्नुहुन्छ । उहाँको हातमा रिमोट थियो । दाहिने हातको बुढीऔँलाले रिमोट थिचिरहनुभएको देखेँ । टिभीमा ससानो आवाजमा गीत बज्न थाल्यो । मैले भान्साकोठाबाट चिया र बिस्कुट ल्याएँ । बुबाले त "चियासिया खान्न' भन्दै हुनुहुन्थ्यो तर मैले कर गरेर खान दिएँ ।

७. **दिइएको अनुच्छेदलाई अभ्यस्त भूतकालमा परिवर्तन गर्नुहोस् :** २
विद्यार्थी दिनहुँ पुस्तकालय जान्छन् । आफूलाई आवश्यक पर्ने सामग्री खोजी खोजी पढ्छन् । पढेका सामग्रीबारे सबै साथीसँग छलफल गर्छन् । थप अध्ययन गर्नुपर्ने कुराका लागि शिक्षकको पनि सहयोग लिन्छन् ।

८. **कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** २

(क) इच्छार्थक भावका फरक फरक क्रियापद प्रयोग गरी चार वाक्यमा आफ्नो साथीको सफलताको वर्णन गर्नुहोस् ।

(ख) **दिइएका द्वितीय पुरुषका वाक्यलाई प्रथम पुरुषमा परिवर्तन गरी अनुच्छेद पुनर्लेखन गर्नुहोस् :**
तिमीले धेरै दुःख पाएका छौ । तिमी सुख पाउन सङ्घर्ष गर्दै छौ । तिमीले हार मानेका छैनौ । तिमी कुनै दिन पक्कै पनि सुखी हुने छौ ।

९. **कोष्ठकमा दिइएका सङ्केतका आधारमा वाक्य परिवर्तन गर्नुहोस् :** ४

(क) सगरमाथा नेपालमा पर्छ । सगरमाथाले देशको गौरव बढाएको छ । (वाक्य संश्लेषण)

(ख) मैले साथीलाई बाटामा भेटेँ । (कर्मवाच्य)

(ग) हामी कविता लेख्दै छौँ । (प्रेरणार्थक)

(घ) समीक्षाले भनिन्, "मैले योग साधना आरम्भ गरेँ ।" (अप्रत्यक्ष कथन)

१०. **दिइएको अनुच्छेद पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** ४
कृष्ण राय धेरै झगडामा मध्यस्थ भएका थिए । यो बडो गर्वको कुरा हो । गाउँले तिनीमाथि नै विश्वास गरी तिनलाई झगडामा मध्यस्थ तुल्याउँथे, त्यसैले पनि तिनको <u>गाउँमा</u> धेरै सम्मान थियो । निश्चय नै यो कामले तिनलाई धेरैको मन नपरेको बनायो

होला । एक दिनको घटना उदाहरणस्वरूप तिनको सामुन्ने आउन थाल्यो । गोविन्द पण्डित र गोरे जमदारको खेतको झगडा धेरै दिनदेखि चलिआएको थियो तर त्यस दिनको जस्तो कुटामारी कहिल्यै भएको थिएन । कृष्ण राय सदाको जस्तै मध्यस्थ भए र बानीले प्रेरित भए झैं ती झगडियालाई झगडाको दुष्परिणाम बुझाउन थाले । हेर गोविन्द पण्डित, हेर गोरे जमदार, झगडा गरेर के लाभ ? आपस्तमा मिल, खाऊ, पिऊ र ईश्वरको भजन गर । यति उपदेशमा तिनीहरू झगडा गर्न छोड्ने भए तिनीहरू कहिल्यै झगडा गर्ने थिएनन् । तिनीहरू मिल्न मानेनन् र बिचरा मध्यस्थलाई कर लागेर गोरे जमदारको पक्षमा न्याय दिनुपर्‍यो । यस झगडामा मध्यस्थ भएर तिनले निश्चय नै गोविन्द पण्डितलाई आफ्नो शत्रु बनाए होलान् ।

**प्रश्नहरू**

(क) माथिको अनुच्छेदको 'कृष्ण राय सदाको जस्तै मध्यस्थ भए ।' भन्ने वाक्यलाई अकरणमा परिवर्तन गर्नुहोस् ।

(ख) अनुच्छेदमा रेखाङ्कन गरिएको **'गाउँमा'** शब्दको कारक र विभक्ति पहिचान गरी लेख्नुहोस् ।

(ग) माथिको अनुच्छेदको 'कृष्ण राय धेरै झगडाका मध्यस्थ भएका थिए ।' भन्ने वाक्यको उद्देश्य र विधेय लेख्नुहोस् ।

(घ) माथिको अनुच्छेदको 'गाउँलेले तिनीमाथि विश्वास गरी तिनलाई झगडामा मध्यस्थ तुल्याउँथे ।' भन्ने वाक्यलाई संयुक्त वाक्यमा परिवर्तन गर्नुहोस् ।

११. **दिइएको गद्यांश पढी सोधिएका प्रश्नको उत्तर लेख्नुहोस् :** ४

आधुनिक भौतिक विज्ञानले विश्वमा एउटा नयाँ क्रान्तिको जन्म दिएको छ । भौतिक विज्ञानका प्रणेता न्युटनलाई मानिन्छ तापनि न्युटन मात्र नभएर ग्यालिलियो र आइन्स्टाइन ती तीनै जना भौतिक विज्ञानका प्रणेता मानिन्छन् । न्युटनले चालको विषय, ग्यालिलियोले खगोल विज्ञान र आइन्सटाइनले सापेक्षता अर्थात् आफू स्वतन्त्र नभएर अर्कासित सम्बद्ध हुने गुण वा अवस्थाको नियम पत्ता लगाएका हुन् । भौतिक विज्ञानको आरम्भ प्राचीन ग्रिकबाट भएको मानिन्छ । यसले शक्ति र बलसँग सम्बन्धित समय र स्थानबाट चाल र पदार्थको अध्ययन गर्छ । अर्थात् यसले वस्तुको चाल र त्यसमा बलको असरका बारेमा अध्ययन गर्छ । त्यति मात्र नभएर यसले विद्युत् तरङ्ग र त्यसको असरको पनि अध्ययन गर्छ । विद्युत् तरङ्गको माध्यमबाट सात समुद्रपारिका मानिससँग प्रत्यक्ष कुराकानी गर्न सकिन्छ । यसको अध्ययनको क्षेत्र असीमित छ । भौतिक विज्ञानको माध्यमबाट प्रकृति र जीवनजगत्का विविध पक्षको अध्ययन गरिन्छ । यस विज्ञानले स्थान, काल, गति, विद्युत्, प्रकाश, ऊर्जा, भूगर्भ तथा खगोल आदि अनेक विषयको प्रामाणिक अध्ययन गर्छ । समग्रमा प्रकृति, जीवनजगत् तथा ब्रह्माण्ड समेतको बृहत् क्षेत्रफललाई यसले आफ्नो अध्ययनमा समेटेको छ ।

**प्रश्नहरू**

(क) भौतिक विज्ञानका प्रणेता को को हुन् ?

(ख) भौतिक विज्ञानले कुन कुन कुराको अध्ययन गर्छ ?

(ग) प्रकृति र जीवनजगत्का विविध पक्षको अध्ययन केको माध्यमबाट गर्न सकिन्छ ?

(घ) भौतिक विज्ञानको आरम्भ कहाँबाट भएको मानिन्छ ?

**१२. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ४**

**(क) दिइएका बुँदाका आधारमा जीवनी तयार पारी शीर्षकसमेत दिनुहोस् :**

| | | |
|---|---|---|
| नाम | : | पारिजात (विष्णुकुमारी वाइबा) |
| जन्म | : | वि.सं.१९९४ वैशाख २४ |
| जन्मस्थान | : | दार्जीलिङको लिङ्गिया चिया कमान, भारत |
| माता र पिता | : | अमृता मोक्तान र के एस वाइबा |
| शिक्षा | : | स्नातक |
| प्रमुख कृतिहरू | : | आकाङ्क्षा, पारिजातका कविताहरू (कविता सङ्ग्रह) आदिम देश, सडक र प्रतिभा, साल्गीको बलात्कृत आँसु, बधशाला जाँदाआउँदा (कथा सङ्ग्रह) शिरीषको फूल, महत्ताहीन, बैँसको मान्छे (उपन्यास) आदि । |
| साहित्यिक प्रवृत्ति | : | विसङ्गतिवादी, अस्तित्ववादी र जीवनवादी दृष्टिकोण राखी साहित्य सिर्जना गर्नु, प्रगतिवादी दृष्टिकोण राख्नु |
| सम्मान र पुरस्कार | : | मदन पुरस्कार, गण्डकी बसुन्धरा पुरस्कार, सर्वश्रेष्ठ पाण्डुलिपि पुरस्कार आदि । |
| मृत्यु | : | वि.सं. २०५० वैशाख ५ गते, काठमाडौँ । |

**(ख) प्रदेशस्तरीय विद्यार्थी प्रतिभा पहिचान कार्यक्रमको वक्तृत्वकला प्रतियोगितामा प्रथम भएर पुरस्कृत हुँदाको क्षणलाई समेटी मनोवाद तयार पार्नुहोस् ।**

**१३. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ४**

(क) आफ्नो टोलमा शुद्ध पिउने पानीको व्यवस्था गरिदिन अनुरोध गर्दै वडा अध्यक्षलाई लेख्ने निवेदनको नमुना तयार पार्नुहोस् ।

(ख) राष्ट्रपति रनिङ सिल्ड प्रतियोगितामा आफ्नो विद्यालय प्रथम भएको विषय समेटी समाचार बनाउनुहोस् ।

**१४. दिइएको अनुच्छेदबाट मुख्य मुख्य चारओटा बुँदा टिप्नुहोस् : २**

एकछिन वाल्ल परेर बहादुर शाहले भने, “खुब विचार गरिरहेको छु । खास जननीकै रूपमा नारी जातिलाई पाएको हुँ । नारी सिर्जना र शक्तिका अवतार हुन् भन्ने खुद मलाई थाहा छ । के गरूँ उज्यालाका निम्ति बालेको बत्तीले आगलागी हुने सम्भावना देखिएपछि देश बचाउनका लागि उपचार गर्नेपर्ने रहेछ । व्यक्तिगत विरोधलाई अँगालेर यसो गरेको होइन । मुमाको मूर्ति सम्झेर हजुरमाथि मेरो पूरा श्रद्धा छ । हाम्रो आपसी घातप्रतिघातले मातृभूमिको अँध्यारो भविष्य देखापर्दा बाध्य भएर नै यो काम मैले गरेको हुँ । वास्तवमा नायबी सिनोको निम्ति मरिमेट्ने गिद्ध म होइन । यदि छोड्दे भन्ने हुकुम हुन्छ भने अहिले नै तयार छु ।”

१५. दिइएको अनुच्छेदबाट एक तृतीयांशमा सारांश लेख्नुहोस् : ३

सन्दुक रुइतले आफ्नो उपचार पद्धतिबाट लाखौं मानिसको सफल शल्यक्रिया गरिसकेका छन् । यसबाट दृष्टि प्राप्त गर्ने विश्वभरका मानिसले उनलाई 'दृष्टिका देवता' मानेका छन् । नेपालको नवीन प्रविधि 'रुइतेक्टोमी' का रूपमा यो उपचार पद्धति एसिया, दक्षिण अमेरिका, अफ्रिकालगायत विभिन्न देशमा प्रयोगमा छ । यो प्रविधि संसारभर गुणस्तरीय र प्रशंसनीय बन्दै गइरहेको छ । उनले मोतीबिन्दुको शल्यक्रिया भिडियोमार्फत र सम्भव भएसम्म आफैं उपस्थित भएर संसारभरिका डाक्टरलाई सिकाउँदै आएका छन् । उत्तरकोरियामा उनले गरेको काम नेसनल जियोग्राफिकले एउटा वृत्तचित्रका रूपमा प्रसारण गरेको थियो । उनले पुऱ्याएको योगदानस्वरूप तिलगङ्गा आँखा उपचार केन्द्र अहिले तिलगङ्गा आँखा प्रतिष्ठानका रूपमा स्थापित छ । यसमार्फत उनले पुऱ्याएको मानवीय सेवाको उच्च मूल्याङ्कन भएको छ ।

१६. दिइएका प्रश्नको उत्तर दिनुहोस् : ४+४=८

(क) दिइएको कवितांशका आधारमा सोधिएका प्रश्नको उत्तर दिनुहोस् :

के गर्नु चुनावका घोषणापत्रहरू ?
सिँगान पुछ्ने कागजभन्दा बढी कामयाब हुन सक्तैन यो यिनीहरूलाई
के पढ्नु अन्तरिक्ष यानका गतिविधिहरू ?
दन्त्यकथाके सिलसिलामा जोड्नुभन्दा बढी केही अर्थ छैन यसको पनि यिनीहरूलाई ।

**प्रश्नहरू**

(अ) चुनावका घोषणापत्रहरूप्रति कविले आफ्ना असन्तुष्टि कसरी व्यक्त गरेका छन् ?

(आ) अन्तरिक्ष यानका गतिविधिलाई किन दन्त्यकथासँग तुलना गरिएको हो ?

(ख) दिइएको जीवनीको अंशका आधारमा सोधिएका प्रश्नको सङ्क्षिप्त उत्तर लेख्नुहोस् :

मानव वेदनाको जीवन्त चित्रण भएका कला सिर्जनामा पिकासोले आफ्नो सम्पूर्ण जीवन समर्पण गरे । उनले कलामार्फत बन्दुकभन्दा कलम र कुची बलियो हुन्छ भन्ने दसी प्रस्तुत गरे र कलामार्फत युद्धलाई खरो रूपमा व्यङ्ग्य गरेकाले नाजीहरूले जर्मनीमा उनका चित्र प्रदर्शनमा रोक लगाए । उनले भिखारी, जेलमा थुनिएका, दुःख पाएका, हेपिएका र सीमान्तकृत मान्छेका साथै गम्भीर मानसिक समस्या भएका व्यक्तिका चित्रसमेत बनाए । उनले महिलाका मार्मिक र प्रेमिल चित्र पनि बनाए ।

**प्रश्नहरू**

(अ) नाजीहरूले जर्मनीमा पिकासोलाई चित्र प्रदर्शन गर्न नदिनुको कारण के हो ?

(आ) 'बन्दुकभन्दा कलम र कुची बलियो हुन्छ ।' भन्नुको तात्पर्य खुलाउनुहोस् ।

१७. **रोग नियन्त्रण गर्न आयुर्वेद चिकित्सा पद्धति प्रभावकारी मानिन्छ, कसरी ? तार्किक उत्तर दिनुहोस् ।** ४

१८. **कुनै एक उद्धरणको व्याख्या गर्नुहोस् :** ४

(क) ईर्ष्याद्वेष हटाएर जो छर्छन् प्रेम सौरभ
तिनै मान्छेहरू बन्छन् विश्वका निम्ति गौरव ।

(ख) जति पसिना बहाउनु परे पनि आफ्नो घरबारीमा बहाऔँला
एक गेडा मकै भए पनि आफ्नै माटामा उब्जाउँला ।

१९. **कुनै एक प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस् :** ७

**(क) दिइएको कवितांशका आधारमा सोधिएको प्रश्नको उत्तर दिनुहोस् :**

नेपाल आमा यो दिव्य आभा जगाऊँ कसरी
आलस्य निद्रा हीनता सारा भगाऊँ कसरी
आशिष देऊ एकै र फेरि पसिना बगाऊँ
नेपाली हाम्रो श्रम र सिप स्वदेशमै लगाऊँ ।

**प्रश्न**

(अ) नेपालीले आफ्नो श्रम र सिपलाई स्वदेशमै कसरी उपयोग गर्न सक्छन् ? 'नेपाली हाम्रो श्रम र सिप' कविताका आधारमा समीक्षा गर्नुहोस् ।

**(ख) दिइएको निबन्धांशका आधारमा सोधिएको प्रश्नको उत्तर दिनुहोस् :**

शिक्षाका क्षेत्रमा हिजोभन्दा आज कैयौं सकारात्मक कार्य भएका छन् । माध्यमिक शिक्षासम्म नि:शुल्क शिक्षाको व्यवस्था हुनु, थुप्रै विश्वविद्यालय खोलिनु, गाउँ गाउँमा क्याम्पस खोलिनु, उच्च शिक्षा सुलभ हुनु मेरो शिक्षाका लागि गर्व गर्न लायक आदि कुरा हुन् । त्यस्तै क्याम्पस र विद्यालयमा इन्टरनेट सेवा जोडिनु, सूचना र प्रविधिमा विद्यालयका विद्यार्थीको समेत पहुँच हुनुले मेरो देशका विद्यार्थीको ज्ञान फराकिलो भएको छ ।

**प्रश्न**

(अ) हाम्रो देशको शिक्षामा के कस्तो समय सान्दर्भिक विकास भएको छ ? 'मेरो देशको शिक्षा' निबन्ध पाठका आधारमा समीक्षा गर्नुहोस् ।

२०. **कुनै एक शीर्षकमा १५० शब्द नघटाई निबन्ध लेख्नुहोस् :** ७

(क) राष्ट्रप्रति मेरो भूमिका
(ख) शिक्षण सिकाइमा प्रविधिको प्रयोग
(ग) उद्योग र रोजगार